# कालीगण्डकीगाउँपालिका

## गुल्मी

# आन्तरिक राजश्व अध्ययन

## तथा

# राजश्व सुधार कार्ययोजना

## प्रतिवेदन

**प्रतिवेदन पेश गर्ने**

..........

**प्रतिवेदन प्राप्त गर्ने**

कालीगण्डकीगाउँपालिका

गुल्मी

# विषयसूची


| विषय | | पाना नं. |
|---|---|---|
| परिच्छेदः एक | प्रारम्भ | ३ |
| परिच्छेदः दुई | गाउँपालिकाको समग्र परिचय | ८ |
| परिच्छेदः तीन | स्थानीय तहको राजश्व अधिकारको लागि संबैधानिक तथा कानुनी व्यवस्था | १० |
| परिच्छेदः चार | गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था | १४ |
| परिच्छेदः पाँच | राजश्व बृद्धिका लागि चाल्नुपर्ने कदम र थप सम्भावित क्षेत्र | ३१ |
| परिच्छेदः छ | आगामी आर्थिक बर्षको लागि आय प्रक्षेपण | ६२ |
| परिच्छेदः सात | राजश्व सुधार कार्ययोजना | ६५ |
| परिच्छेदः आठ | निश्कर्ष तथा सुझाव | ६८ |
| अनुसूची १ | सन्दर्भ सामाग्री | ६९ |
| अनुसूची २ | कालीगण्डकी गाउँपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी विधि, २०७६ (मस्यौदा) | ७० |
| अनुसूची ३ | कार्यशाला गोष्ठीको (प्रारम्भिक तथा अन्तिम) को कार्यतालिका र उपस्थितिको विवरण | ७६ |

# परिच्छेदः एक
# प्रारम्भिक

## १. भूमिका

२०६२/६३ को जनआन्दोलनबाट प्राप्त उपलब्धी स्वरुप २०७२ मा जारी नेपालको संविधानले नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात् गर्दै; जनताको सार्वभौमसत्ताको प्रयोग गर्ने अनुकूल वातावरण बनाई मुलुकको शासन व्यवस्थामा जनताको बढीभन्दा बढी सहभागिता प्रबर्द्धन गर्न र जनतालाई स्थानीयस्तरमा नै सेवा उपलब्ध गराउन तथा लोकतन्त्रको संस्थागत विकास गर्न विकेन्द्रीकरण तथा अधिकारको निक्षेपणका आधारमा स्थानीय स्वायत्त शासन सम्बन्धी निकायको व्यवस्था गरेको छ । यस्ता निकायलाई सक्षम बनाउन साधन, स्रोतको परिचालन र बिनियोजनलाई न्यायोचित बितरणका साथै नेपाल सरकार स्थानीय स्वायत्त शासन सम्बन्धी निकाय बीच जिम्मेवारी र राजस्व परिचालन तथा बाँडफाँट हुनेछ भनी संविधानमा उल्लेख भएको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ भनिएको छ भनी संविधानको धारा ५६ मा उल्लेख गरिएको छ । त्यसैगरी नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले यस संविधान तथा कानुन बमोजिम गर्ने छ । राज्यशक्तिको बाँडफाँट संविधानको धारा ५७ ले स्पष्टसँग संघ, प्रदेश र स्थानीयमा गदिएको छ । सोही धारा बमोजिम संविधानको अनुसूची ८ मा स्थानीय तहलाई एकल अधिकारका क्षेत्रहरु निर्धारण गरिएको छ भने अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सम्बन्धमा स्पष्ट उल्लेख गरिएको छ ।

संविधान बमोजिम नेपालमा संघीयताको मोडल तीन तहको रहको छ । स्थानीय तह अन्तर्गत गाउँपालिका र गाउँपालिका पर्दछन् भने यसको संख्या ७५३ वटा रहेको छ । संविधान बमोजिम स्थानीय सरकारले पनि कार्यपालिकीय, व्यवस्थापकीय र सीमित न्यायिक अधिकारको प्रयोग आफैं कानुन बनाएर प्रयोग गर्न सक्नेछ । संविधानको भाग १९ मा स्थानीय सरकारको आर्थिक कार्यप्रणाली सम्बन्धी व्यवस्था गरेको छ । धारा २२८ ले स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकुल नहुने गरी कानुन बनाई कर लगाउन सक्ने व्यवस्था गरेको छ । त्यसैगरी अनुसूची ८ मा स्थानीय सरकारको एकल अधिकार क्षेत्रभित्र स्थानीय राजश्वका अधिकार क्षेत्रहरुको बारेमा उल्लेख गरिदिएको छ जस अन्तर्गत सम्पति कर, घर बहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर, (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन रहेका छन् ।

यसैगरी संविधानको अनुसूची ९ मा रहेको संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारको क्षेत्रहरु मध्ये सेवा शुल्क, दस्तुर, दण्ड, जरिवाना तथा प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी पर्यटन शुल्क रहेका छन् । यि साझा अधिकारमा रहेका राजश्वका क्षेत्रबाट कर असुली गर्ने कार्य जुन तहको सरकारबाट गर्दा प्रभावकारी हुन्छ सोही तहको सरकारले उठाउनु पर्दछ भन्ने सिद्धान्तबाट प्रेरित भई संघीय कानुनले उल्लेखित साझा अधिकारका क्षेत्रहरुमध्ये प्राकृतिक श्रोत जस्तै ढुङ्गा, गिटी, वालुवा उत्खनन् तथा निकासी वापतको राजश्व स्थानीय सरकारबाट उठाउँदा प्रभावकारी हुने देखिएकोले संघीय कानुनले स्थानीय सरकारलाई दिएको छ ।

यसैथरी स्थानीय सरकार संचालनमा प्रभावकारिता ल्याउन संघीय संसदले स्थानीय सरकार संचालन ऐन २०७४ जारी गरेको छ । उक्त ऐनको दफा ६५ ले गाउँ/नगरपालिकामा उपाध्यक्ष/उपप्रमुखको अध्यक्षतामा एक स्थानीय राजश्व परामर्श समिति रहने व्यवस्था गरेको छ । राजश्व समितिले राजश्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान कार्यपालिकामा पेश गर्नु पर्ने छ । त्यसैगरी समितिले राजश्वका दर क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्नुपर्ने व्यवस्था गरेको छ ।

## २. समस्याकोपहिचान

कालीगण्डकीगाउँपालिकागुल्मीको मुख्य आय स्रोतहरुमा नेपाल सरकारबाट वार्षिक रुपमा प्राप्त हुने समानिकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र राजश्व बाँडफाँटबाट प्राप्त रकम रहेको छ । त्यसैगरी संविधानत प्राप्त अधिकार क्षेत्रबाट आन्तरिक कर, सेवा शुल्क, दस्तुर तथा राजश्व रहेका छन् ।

वार्षिक बजेटमा यस गाउँपालिकाले आन्तरिक रुपमा उठाउने राजस्वको अनुपात ज्यादै न्यून अर्थात जम्मा ७ प्रतिशत मात्र रहेको छ । फलस्वरुप, योगाउँपालिकामा आफ्ना विकासका प्राथमिकता तथा लक्षहरु निर्धारण गर्ने र हासिल गर्ने

क्षमता सीमित छ । संविधान र स्थानीय सरकार संचालन ऐनले विभिन्न स्रोतबाट कर उठाउन सक्ने प्रावधान गरेको भए तापनि यथार्थमा यस्ता स्रोतहरुबाट यथेष्ट राजस्व उठाउन नसक्नु गाउँपालिकाले आन्तरिक स्रोतबाट कम राजस्व परिचालन गर्नुको एक कारण हो । अर्कोतर्फ, राजस्व उठाउन सकिने पर्याप्त संभावना रहेका स्थानमा पनि गाउँपालिकाले तोकिएका स्रोतहरुबाट राजस्व उठाउन सकिरहेको छैन । कम राजस्व असुलीका एक कारणको रुपमा राजस्वका संभावना कम भएका अनुपयुक्त स्रोतहरु तोकिनुलाई पनि मान्ने गरिएको छ । यसरी स्थानीय सरकारहरुका लागि राजस्वका स्रोतहरु तोक्दा राजस्व संकलन एवं प्रशासनमा सहजता र त्यसबाट पर्याप्त राजस्व संकलन गर्न सकिने संभावनालाई सैद्धान्तिक आधारको रुपमा लिइनु पर्दछ ।

कालीगण्डकीगाउँपालिकाको आन्तरिक आयका श्रोतहरुको सम्भावनाको सम्बन्धमा अध्ययन गर्दै राजश्व सुधार कार्ययोजना सहितको प्रतिवेदन मार्फत राजश्व परामर्श समितिलाई वार्षिक आन्तरिक आयको प्रक्षेपण गर्न सघाउ पुऱ्याउने प्रयोजनको लागि यो प्रतिवेदन तयार पारिएको छ ।

यस प्रतिवेदनले निम्न विषयवस्तुहरुलाई समेटेको छ ।

- राजश्व सुधार अध्ययन तथा कार्ययोजनाको औचित्य, उद्देश्य तथा तयारी विधि
- गाउँपालिकाको संक्षिप्त परिचय
- स्थानीय तहको राजश्व अधिकार तथा आय संभाव्यता
- आय संकलनको संस्थागत क्षमता तथा संकलनको अवस्था
- राजश्व सुधार कार्ययोजना
- आगामी १ बर्षको आय प्रक्षेपण
- निश्कर्ष तथा सुझाव

## १.२ राजश्व सुधार योजनाको औचित्य

नेपालको संविधानको व्यवस्था र स्थानीय सरकार संचालन ऐन, २०७४ को व्यवस्था अनुसार गाउँपालिका तथा गाउँपालिकाहरुलाई स्थानीय स्तरमा आय संकलन गर्ने अधिकार प्रदान गरेको छ । आय संकलन गर्नसक्ने अधिकारको क्षेत्र गाउँपालिका र गाउँपालिकाको समान छ भने गाउँपालिका र गाउँपालिकाले आफैले कर तथा शुल्कको दर निर्धारण गरी संकलन गर्न सक्ने व्यवस्था छ । स्थानीय तहलाई प्रदान गरिएका मुख्य करहरुमा सम्पत्ति कर, व्यवसाय कर, घरजग्गा वहाल कर रहेको छ भने शुल्कमा नक्सापास, इजाजत, प्रमाणित, सिफारिश आदि रहेको छ । त्यसैगरी स्थानीय तहले आफ्नो सम्पत्ति परिचालनवाट र सार्वजनिक जग्गावाट वहाल विटौरी लिन सक्ने व्यवस्था छ । यसका अतिरिक्त स्थानीय तहलाई प्राकृतिक स्रोतहरुको विक्री, निकासीवाट समेत आय संकलन गर्न सक्ने व्यवस्था रहेको छ ।

कानूनले स्थानीय तहलाई आन्तरिक आय परिचालन गर्नसक्ने उल्लेख्य अधिकार दिएको भएतापनि स्थानीय तहहरुले त्यसको पुर्णरुपमा परिचालन गर्न सकिरहेका छैनन् । जसको मुख्य कारणमा स्थानीय तहको संरचना नयाँ भएकोले त्यसको लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्यांकको स्थापना, आयको सम्भाब्यता अध्ययन, नियन्त्रण प्रणालीको स्थापना आदिको स्थापना तथा अभ्यासको कमी हुनु रहेको छ ।

यसै तथ्यलाई मध्यनजर गर्दै कालीगण्डकीगाउँपालिकाले आफ्नो आय परिचालन क्षमतामा सुधार ल्याउनको लागि राजश्व सुधार अध्ययन तथा कार्ययोजना तर्जुमा कार्य गरेको छ । प्रस्तुत अध्ययन कार्यले स्थानीय तहका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारपक्षहरुलाई आय परिचालन समवन्धमा अभिमुखिकरण, आयको दायरा विस्तार, दरमा सुधार, प्रशासनिक ब्यवस्थामा सुधार तथा नयाँ स्रोतहरुको पहिचान गरी सोको सम्भाब्यता पहिचान गर्न कार्यशाला आयोजना, कर तथा शुल्कको दर निर्धारणमा सहयोग, तथा आन्तरिक नियन्त्रण प्रणालीको स्थापनामा सहयोग गर्ने रहेको छ । भएका कार्यहरुलाई प्रतिवेदनका रुपमा तयार गरी गाउँपालिकाको राजश्व सुधार कार्ययोजनाको प्रतिवेदन तयार हुनेछ ।

## ३. अध्ययनको उद्देश्य

यस अध्ययनको समग्र उद्देश्य गाउँपालिकाको आन्तरिक आयको विद्यमान अवस्था, आन्तरिक स्रोतको संभावना तथा आगामी आर्थिक बर्षको आय प्रक्षेपण सहितको राजश्व सुधार कार्ययोजना तयार गर्नु हो । यस कार्यको विशिष्टिकृत उद्देश्य देहाय अनुसार रहेका छन् :

- स्थानीय तहको आय अधिकार तथा सुधार योजना सम्वन्धमा प्रमुख, उपप्रमुख, वडा अध्यक्षहरु, राजश्व परामर्श समिति, शाखा प्रमुखहरु, राजश्व प्रशासनमा सम्लग्न कर्मचारी तथा सराकारवालाहरुलाई अभिमुखिकरण गर्ने ।
- आन्तरिक आय बृद्धिको लागि आयका प्रमुख स्रोतहरुको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने ।
- आन्तरिक आयको बृद्धिदर तथा कुल आयमा आन्तरिक आयको हिस्साको बृद्धिदरको विश्लेषण गर्ने ।
- राजश्व प्रशासनको संस्थागत ब्यवस्था, विलिङ्ग तथा आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गर्ने ।
- गाउँपालिकाको आन्तरिक आय बृद्धिका सम्भावनाहरु पहिचान गरी आय सुधार रणनीति र प्रक्षेपण सहितको आन्तरिक आय सुदृढिकरण कार्ययोजना तयार गर्ने ।
- आयका नयाँ सम्भावनाहरुको पहिचान गर्ने ।
- गाउँपालिकाले अपनाउनु पर्ने आय सुधार रणनीति सहितको राजश्व सुधार कार्य योजना तयार गर्ने ।
- आय परिचालनको लागि क्षमता विकासका मुख्य क्षेत्रहरुको पहिचान गरी सुझाव प्रदान गर्ने ।
- राजश्व सुधार कार्ययोजना तयारीको प्रकृयागत मार्गदर्शन तयार गर्ने ।

## ४. अध्ययनबाट अपेक्षित उपलब्धि

कालीगण्डकीगाउँपालिकाको राजश्व अध्ययन कार्यबाट देहाय अनुसारको नतिजाहरु अपेक्षा गरिएको छ । जुन देहाय बमोजिम छन्:

४.१. गाउँपालिकाबाट अभ्यास भैरहेको हालको राजस्व प्रणालीका विविध पक्षहरुको मूल्याङ्कन हुने र कार्य संचालनमा भएका कमी कमजोरीहरु पहिचान भई समिक्षा हुनेछ ।

४.२. गत आ.व.को समग्र राजस्व तथा व्ययका प्रवृत्तिहरुको लेखाजोखा हुनेछ ।

४.३. राजस्व संकलन बृद्धिका संभावनाहरुको पहिचान भएको हुनेछ ।

४.४. गाउँपालिकाको राजश्व संकलनको क्षेत्रमा सुधारका उपायहरु प्रस्ताव भएको हुनेछ ।

## ५ अध्ययन विधि तथा प्रक्रिया

उल्लेखित कार्यका लागि सम्बन्धित विभिन्न सन्दर्भ सामाग्रीहरुको अध्ययन, तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक फारामहरुको विकास, तथ्याङ्क संकलन तथा विश्लेषण, सहभागिता मूलक छलफल, प्रारम्भिक कार्यशाला गोष्ठी तथा प्रस्तुतीकरण जस्ता विधिहरु प्रयोग गरिएको थियो । अध्ययनका क्रममा अवलम्बन गरिएका विधिहरुलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

### *५.१ सन्दर्भ सामाग्री संकलन तथा अध्ययन*

अध्ययन कार्यको प्रथम चरणमा परामर्शदाता समुहबाट विभिन्न स्रोतहरुबाट सन्दर्भ सामाग्रीहरु संकलन तथा पुनरावलोकन गरिएको थियो । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएको मुख्य सामाग्रीहरु **अनुसूची १**मा दिईएको छ

### *५.२ तथ्यांक/सूचना संकलन फारम तथा सूची विकास*

सन्दर्भ सामाग्रीको अध्ययन तथा विश्लेषण पश्चात परामर्शदाताहरुबाट तथ्यांक तथा सूचना संकलनका लागि आवश्यक फारमहरुको विकास गरिएको थियो । गाउँपालिकाको राजश्व सुधार कार्यक्रमको सन्दर्भमा तथ्यांक संकलनको लागि प्रयोग गरिएको फारम **अनुसूची ३**मा प्रस्तुत गरिएको छ ।

### *५.३ प्रारम्भिक बैठक तथा अभिमुखीकरण कार्यक्रम*

राजश्व सुधार कार्ययोजना तर्जुमाको लागि परामर्शदाताको टोली २०७५ जेठ २१ गते विहान कालीगण्डकीगाउँपालिकाको कार्यालयमा पुगीगाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष तथा राजश्व शाखा प्रमुखसंग प्रारम्भिक भेटघाट गरेको थियो, सो छलफलमा सोही दिनको कार्यक्रमको ढाँचा र हासिल गर्न खोजिएको उपलब्धीहरुका बारेमा जानकारी तथा छलफल गरिएको थियो । त्यसैदिन अर्थात जेठ १ गते स्थानीय तहको राजश्व परिचालन सम्वन्धमा गाउँपालिकाका पदाधिकारीहरु, राजश्व परामर्श समिति, कर्मचारीहरु तथा अन्य सरोकारपक्षहरुलाई अभिमुखिकरण गर्न तथा राजश्व सुधार कार्ययोजना तर्जुमा गर्न अभिमुखीकरण तथा प्रारम्भिक कार्यशाला गोष्ठी आयोजना गरिएको थियो । अभिमुखिकरण तथा प्रारम्भिक कार्यशाला गोष्ठीको अध्यक्षता गाउँपालिकाका अध्यक्ष बेद बहादुर थापाको अध्यक्षतामा संचालन भएको थियो ।

कार्यक्रममा सहजकर्ताहरु राजेन्द्र प्याकुरेल र चिरन्जिवी भट्टराईले स्थानीय तहको राजश्व अधिकारका सैद्धान्तिक तथा कानुनी र प्रशासनिक पक्षहरुको प्रस्तुती र त्यसमाथि छलफल भएको थियो । गाउँपालिकाको आन्तरिक आयका मुख्य स्रोतहरु, तिनको सम्भाब्यता तथा हालको परिचालनको अवस्थावारे छलफल भई सुधार गर्नुपर्ने पक्षहरुमा समेत बुंदागत रुपमा छलफल भएको थियो । कार्यक्रमको अन्तिम विषयवस्तुको रुपमा राजश्व सुधार कार्ययोजनाको प्रतिवेदन तयारीका लागि आवश्यक पर्ने सूचनाहरुको आवश्यकतावारे छलफल गरिएको थियो ।

यसैगरी राजश्व सुधार कार्ययोजनाको लागि तथ्यांक प्राप्त गर्ने विधि, राजश्वका दर र दायरा अनुमान गर्दा ध्यान पुर्‍याउनु पर्ने विषयहरु तथा अन्य प्राविधिक पक्षहरुलाई समेटी प्रस्तुतीकरण तथा छलफल गरिएको थियो ।

कार्यक्रमको अन्त्यमा गाउँपालिकाका अध्यक्ष बेदबहादुर थापाले कालीगण्डकीगाउँपालिकामा आन्तरिक आय परिचालनका क्रममा आइपरेका समस्याहरुको विश्लेषण गर्दै यस राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनले उपरोक्त समस्याहरु समाधान गर्नमा सहयोग गर्ने विश्वास ब्यक्त गर्नुभएको थियो । साथै आन्तरिक राजश्व बृद्धि मार्फत कालीगण्डकीगाउँपालिकाको विकासका लागि स्रोत साधनको जोहो गर्न सहयोग पुग्ने आशा ब्यक्त गर्नु भएको थियो । पहिलो चरणको अभिमुखिकरण तथा प्रारम्भिक कार्यशाला गोष्ठी कार्यक्रमको तालिका तथा उपस्थिति विवरण यस कार्ययोजना प्रतिवेदनको **अनुसूची** ४ मा प्रस्तुत गरिएको छ । कार्यशाला गोष्ठीमा ........ जनाको उपस्थिति रहेको थियो ।

### *५.४ तथ्यांक/सूचना संकलन*

अध्ययनका क्रममा परामर्शदाताद्वारा गाउँपालिकाका विभिन्न शाखाहरु, सरोकारवाला पक्षहरु, स्थलगत भ्रमण तथा अवलोकनबाट आवश्यक तथ्यांक एवं सूचनाहरु संकलन गरिएको थियो । अध्ययनका क्रममा निम्न क्षेत्रगत तथ्यांक एवं सूचनाहरु संकलन गरियो :

- राजश्व प्रशासनिक ब्यवस्था तथा सूचना प्रवाह सम्बन्धी विवरण
- गत बर्ष तथा चालु बर्षको हालसम्मको यथार्थ आय विवरण
- चालु बर्षको आर्थिक ऐन तथा बजेट
- आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरु सम्बन्धी तथ्यांक तथा सूचना (सम्बन्धित तथ्यांक, सरोकार पक्षहरु संग छलफल, स्थलगत भ्रमण तथा अवलोकन)
- कालीगण्डकी उद्योग वाणिज्य सँघका पदाधिकारीसँग अन्तरक्रिया

### *५.५ तथ्याङ्क विश्लेषण तथा प्रारम्भिक मस्यौदा तयारी*

प्रारम्भिक छलफल, अध्ययनबाट प्राप्त तथ्यांक तथा सुचनाहरुलाई आवश्यकता अनुसार विभिन्न तथ्यांकीय औजारहरु तथा विधि तथा सुत्रहरुको प्रयोग गरि विश्लेषण गरिएको छ । यसरी विभिन्न विधिहरुबाट विश्लेषण गरि प्राप्त नतिजा तथा जानकारीहरुलाई व्यवस्थित रुपले तालिकामा प्रस्तुत गरि राजश्व सुधार कार्ययोजनाको प्रारम्भिक मस्यौदा तयार गरिएको छ ।

### *५.६ मस्यौदा प्रतिवेदनगाउँपालिकामासमक्ष पेश*

मस्यौदा प्रतिवेदनमाथि गाउँपालिकाको गोष्ठीवाट प्राप्त सुभावहरुलाई समावेश गरी यो मस्यौदा प्रतिवेदन कार्यक्रममा मुख्य सरोकारपक्ष कालीगण्डकीगाउँपालिका समक्ष सुझावको लागि पेश गरिएको थियो ।

## ६. अध्ययनको सीमा

कालीगण्डकीगाउँपालिकाको राजश्व सुधार कार्य योजना क्षेत्र व्यापक रहेको भएता पनि सिमित स्रोत साधन, पर्याप्त सुचनाको अभाव, सिमित समयका कारण यस अध्ययनका सीमाहरु देहाय अनुसारका रहेका छन् :

- अध्ययन तथा विश्लेषण कार्य प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितिय स्रोतहरुबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरुको आधारमा तयार गरिएको छ । यसका अतिरिक्त गाउँपालिकाका सम्वन्धित कर्मचारीहरु तथा अन्य सरोकारपक्षहरुसंग भएको छलफलवाट प्राप्त सूचनाहरु समावेश गरिएको छ ।
- गाउँपालिकाको आन्तरिक आय तथा स्रोत परिचालन सम्बन्धी अध्ययनकोलागि उपलब्ध गराईएको फाराम अनुसार प्राप्त तथ्याङ्क, अभिलेख तथा आंशिक स्थलगत अध्ययनवाट संकलन गरिएको छ । तथ्यांक संकलनकोलागि बिस्तृत् स्थलगत सर्भेक्षण कार्य भएको छैन ।
- स्थानीय तह तथा प्रदेश तहको साझा अधिकारको सूचीमा रहेका आयका स्रोतहरुवाट प्राप्त हुन सक्ने राजश्वको बाँडफाँट सम्वन्धी व्यवस्था हालसम्म स्पष्ट नभएकोले अनुमानको आधारमा प्रक्षेपण गरिएको छ । संवैधानिक व्यवस्था अनुरुपका प्रदेशसँगको राजश्व बाँडफाँटको व्यवस्था स्पष्ट भए पश्चात् यस प्रतिवेदनलाई परिमार्जन गर्न आवश्यक देखिन्छ, जुन कार्य यस अध्ययनको कार्यक्षेत्रमा समावेश छैन ।
- गाउँपालिकाको जनसंख्या तथा आर्थिक गतिविधिमा हुने बृद्धि, गाउँपालिकाको सेवामा हुने बृद्धि र नागरिक संन्तुष्टिमा हुने बृद्धि, मुल्यांकन दरमा हुने बृद्धि तथाराजस्वका दरको पुनरावलोकन आदि कृयाकलापहरुले भविष्यको राजस्व संकलनमा असर गर्ने भएता पनि यि तथ्यांकहरु उपलब्ध नभएकोले आय प्रक्षेपणमा आधार लिन सकिएको छैन ।

# परिच्छेद- दुई
# गाउँपालिकाको समग्र परिचय

## २. कालीगण्डकी गाउँपालिकाको संक्षिप्त परिचय

गुल्मी जिल्लाको सुदूरपूर्वि भाग हुँदै वहने विश्वकै सबैभन्दा गहिरो गल्छी बनाएर वहने तथा शालिग्राम पाइने एकमात्र पवित्र नदी कालिगण्कीको नामबाट नामाकरण गरिएको कालिगण्की गाउँपालिका प्राकृतिक, साँस्कृतिक, धार्मिक तथा जैविक विविधताले भरिपुर्ण भएको गाउँपालिका हो । यस गाउँपालिका अन्तरर्गत साविकका सातवटा गा.वि.स.हरु हर्मिचौर, अर्वेनी, जयखानी, पूर्तिघाट, फोक्सिङ्ग, खड्गकोट र भुर्तुङ्ग रहेका छन् । १०१.०४ वर्ग कि.मि. क्षेत्रफल रहेको यस गाउँपालिकाको पूर्वमा पवित्र कालीगण्डकी नदी तथा पर्वतको विहादी गाउँपालिका, उत्तरमा वाग्लुङ्गको जैमुनी नगरपालिका, पश्चिममा चन्द्रकोट गाउँपालिका र सत्यवती गाउँपालिका साथै दक्षिणमा सत्यवती गाउँपालिका र कालीगण्डकी गाउँपालिका स्याङ्जा अवस्थित छन् । नेपालकै सवैभन्दा ठुलो जलविधुत आयोजना कालीगण्डकी 'ए' देखि लुम्विनी अञ्चलकै सबैभन्दा अग्लो टाकुरा थाप्ले तथा सत्यवती क्षेत्र यसै गाउँपालिकाका आकर्षक रहेका छन् । ऋषिमुनिहरुले अत्यधिक मन पराइएको यस क्षेत्रमा नेपालकै चर्चित धार्मिक स्थलहरु सत्यवती भगवति मन्दिर, शालिग्राम शिला, शिवालय मन्दिर, राधाकृष्ण मन्दिर, लक्ष्मीनारायण मन्दिर, गणेश मन्दिर, सिद्धाथान मन्दिर, पातलको शिवालय, हिलेसिद्ध जस्ता सयौ मन्दिर र थानहरु यस क्षेत्रमा रहेका छन् । यो क्षेत्रमा विशेषत दक्षप्रजापतिले महायज्ञ गर्दा सतीदेविले हामफालेको यज्ञकुण्ड जयखानीमा अवस्थित वेलटारी क्षेत्र देखि सतिदेविको अङ्ग पतन भएको सिद्धाथान क्षेत्र पनि यसै गाउँपालिका भित्र पर्दछन् । शिवालय मन्दिर वेलटारी ,राधाकृष्ण मन्दिर पूर्तिघाट तथा लक्ष्मीनारायण मन्दिर फुलवारी २०० वर्ष भन्दा पुरानो इतिहास बोकेर बसेका ऐतिहासिक धरोहर हुन् । जो यहाँका प्रमुख साँस्कृतिक तथा धार्मिक सम्पदाहरु हुन् ।

धार्मिक स्थलहरुमात्र नभएर प्राकृतिक कारणले पनि यो क्षेत्र अत्यन्तै मनोहर रहेको छ । यस क्षेत्रमा रहेको सत्यवती लेक, हिले लेक, कालिलेक थाप्ले उचाईमा रहेका र सजिलै हिमाली क्षेत्रको अवलोकन गर्न सकिने क्षेत्रहरु छन् । कालीगण्डकी तटदेखि लुम्बिनी अञ्चलकै अग्लो टाकुरो थाप्लेको बीचमा अवस्थित पहाडी इलाका भएको कारणले यो जैविक विविधतामा धनी गाउँपालिका हो । अधिकांश जंगल क्षेत्रले ढाकिएको हुदाँ प्राकृतिक जडिबुटीको हिसाबले अत्यन्तै धनी यस क्षेत्रमा जडिबुटी संकलन केन्द्रको स्थापना गरी नेपालकै नमूना क्षेत्र निर्माण गर्न सकिने अवसर छ । यो क्षेत्रको अधिकांश भाग चीन र भारत जोड्ने कालीगण्डकी करीडोरको किनारमा अवस्थित छ । धार्मिक पर्यटकीय हिसाबले अत्यधिक सम्भावन बोकेको यस क्षेत्रमा जैविक खेतिको लागी उर्वर भूमिको साथै प्रचुर मात्रामा जलसम्भावना पनि रहेको छ । यस क्षेत्रको विकास गर्न सकेको खण्डमा नेपालमा आउने पर्यटकलाई यस क्षेत्रमा भित्र्याउन सकिनुका साथै पर्यटकलाई थप मनोरञ्जन दिनको लागि धार्मिक पर्यटकीय मार्ग, पारागलाइडिङ्ग, केवलकार,राफ्टीङ्ग गराउन सकिने सम्भावना छ ।

**वडा विभाजन, जनसंख्या, घरधुरी र क्षेत्रफलको विवरण**

| वडा नं. | साविक गाविस | साविक वडा नं. | जनसंख्या | | | घरधुरी | क्षेत्रफल वर्ग कि.मी. |
|---|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | जम्मा | | |
| १ | हर्मिचौर | १ देखि ९ | ११०१ | १३२५ | २४२६ | ५२७ | १३.५५ |
| २ | अर्वेनी | १ देखि ९ | १२०८ | १५७५ | २७८३ | ५८३ | १०.८४ |
| ३ | जयखानी | १ देखि ९ | ५६८ | ७२६ | १२९४ | २७० | १३.४१ |
| ४ | पूर्तिघाट | १ देखि ९ | ९०६ | ११४० | २०४४ | ४३७ | ११.१३ |
| ५ | फोक्सिङ्ग | १ देखि ९ | ११६४ | १४४० | २६४८ | ५८० | १९.७८ |
| ६ | खड्गकोट | १ देखि ९ | १६६४ | २१७० | ३८३४ | ८३७ | १७.०६ |
| ७ | भुर्तुङ्ग | १ देखि ९ | १६६६ | २१८१ | ३८४७ | ८६४ | १५.२७ |
| जम्मा | | | ८२७५ | १०६०१ | १८८७६ | ४०९८ | १०१.०४ |

## ३. भौगोलिक अवस्थिती

भौगोलिक क्षेत्र: पहाड प्रदेश नं: ५ जिल्ला: गुल्मी

समावेश भएका साविक गा.वि.स.वडाहरुः पुर्तिघाट , फोक्सिङ्ग, हर्मिचौर, अर्वेनी, जयखानी, खड्गकोट र भुर्तुङ्ग गाविस

जनसंख्या: १८८७६ क्षेत्रफल: १०१.०४ वर्ग कि.मि.

प्रस्तावित केन्द्रः साविक पुर्तिघाट गाविसको कार्यालय वडा संख्या: ७

सीमाना:

पूर्व: पर्वत जिल्ला पश्चिमः सत्यदेवी गापा र चन्द्रकोट गापा

उत्तर: बाग्लुंग जिल्ला दक्षिणः स्याङ्गजा जिल्ला

**पूर्वाधारका संक्षिप्त विवरणः**

| पूर्वाधार | संख्या |
|---|---|
| उमावि र क्याम्पस | ५ |
| स्वास्थ्य संस्था | ७ |
| कृषि सेवा केन्द्र | १ |
| पशुसेवा केन्द्र | ४ |
| इलाका बन र रेन्ज पोष्ट | १ |
| सडक लम्बाई (कि.मि.) पिच | ० |
| ग्राभेल -कि.मि.) | ० |
| कच्ची -कि.मि.) | १५६ |

# परिच्छेद - तीन

# स्थानीय तहको राजश्व अधिकारको लागि संबैधानिक तथा कानुनी व्यवस्था

यस परिच्छेदमा उपलब्ध कानुनी व्यवस्था अनुसार गाउँपालिकाको आन्तरिक आय परिचालनको सम्भाब्यतालाई शिर्षकगत रुपमा विस्तृतमा विश्लेषण गरिएको छ । यसबाट आन्तरिक आय परिचालनको अवस्था तथा सम्भावनाको विस्तृत विश्लेषण भई पहिचान गरिएको मुद्दाहरुलाई राजश्व सुधार कार्ययोजनाले संवोधन गर्ने विश्वास लिइएको छ ।

## ३.१ स्थानीय तहको राजश्व अधिकार सम्बन्धी संवैधानीक तथा कानुनी व्यवस्था

**नेपालको संविधान, २०७२**को अनुसूची ८ रहेको स्थानीय तहको २२ वटा एकल अधिकार मध्ये राजश्व अधिकार अन्तर्गत देहाय बमोजिमका अधिकार प्रदान गरेको छः

- सम्पत्ति कर
- मालपोत/भुमिकर
- मनोरञ्जन कर
- सवारी साधन कर
- घर जग्गा बहाल कर
- विज्ञापन कर
- व्यवसाय कर
- घर जग्गा रजिष्ट्रेशन दस्तुर
- प्राकृतिक स्रोतको आय
- सेवा शुल्क दस्तुर
- दण्ड जरिवाना

संघीय कानुन (**स्थानीय सरकार संचालन ऐन, २०७४**) अनुसार स्थानीय तहलाई निम्नानुसार आय संकलन गर्ने अधिकार प्रदान गरेको छ :

**(क) गाउँपालिका वा गाउँपालिकाको एकल अधिकारः**

**कर**

- सम्पत्ति कर, घर र सोले चर्चेको लेन्ट एरिया जग्गामा (आर्थिक विधेयक २०७५ बाट संसोधित ब्यवस्था)
- भूमि कर (मालपोत), सम्पत्ति कर लगाउने भनि तोकिएको घरजग्गा वाहेकको अन्य जग्गामा (आर्थिक विधेयक २०७५ बाट संसोधित ब्यवस्था)
- घर जग्गा बहाल कर
- ब्यवसाय करः पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा
- सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा)
- जडिबुटी, कवाडी र जीवजन्तु कर : आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको ब्यवसायिक उपयोग गरे बापत

**शुल्क**

- बहाल बिटौरी शुल्कः आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत
- पार्किङ् शुल्क : आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत ।

**सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्वन्धी सेवा वा व्यवसायमा
- आफुले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा सेवामा(खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि)
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क
- सिफारिस सम्बन्धी कुनै सेवा शुल्क

**दस्तुर**

- दर्ता, अनुमति तथा नवीकरण दस्तुरः
  - *एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ्, औषधि पसल, प्लटिङ्ग*
  - *ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग*
- नक्सा पास दस्तुर (नक्शा पास नगरी निर्माण भएकालाई तेब्बर दस्तुर)
- पञ्जिकरण ब्यवस्थापन दस्तुर
- वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर- दफा १२ (२ ङ) अनुसारको सिफारिश तथा प्रमाणित बापत
- जग्गा नाप जाँच तथा कित्ता काट दस्तुर
- ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको निकासी शुल्क दस्तुर(दफा ११ (२) (घ) (६))

**विक्री**

- वस्तु तथा सेवा विक्री
- ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री (दफा ११ (२) (घ) (६))

**(ग) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ११ (४)) :**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको संचालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको संचालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडिवुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रसोधन र वजार ब्यवस्थापन

- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नविकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नविकरण
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता

संघीय कानुन (**अन्तर सरकारी वित्त ब्यवस्थापन ऐन, २०७४**) अनुसार स्थानीय तहलाई निम्नअनुसार वित्तिय अधिकार प्रदान गरेको छ :

(१) **एकल कर प्रशासन सम्वन्धी ब्यवस्था** (आर्थिक विधेयक २०७५ वाट संसोधित ब्यवस्था)

(क) सवारी साधन करको दर प्रदेशल लगाउने र उठाउने तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सामा सवारी साधन करको दर गाउँपालिका वा गाउँपालिकाले लगाउने र उठाउने

(ख) घरजग्गा रजिश्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाउँपालिका वा गाउँपालिकाले उठाउने ।

(ग) मनोरंजन करको दर प्रदेशले लगाउने र गाउँपालिका वा गाउँपालिकाले उठाउने

(घ) विज्ञापन करको दर गाउँपालिका वा गाउँपालिकाले लगाउने र उठाउने

(ङ) (ख), (ग) र (घ) बमोजिमको करवाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाउँपालिका वा गाउँपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

(२) **राजश्व बाँडफाँट**

- नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय बिभाज्य कोषमा जम्मा हुने
  - *आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँट हुने*
  - *स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने*
- प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टिको बाँडफाँट आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत
  - *प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टि बार्षिक रुपमा प्राप्त हुने*
- प्रदेशले सवारी साधन कर करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने ।
  - *प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँट गरिने*
  - *आयोगले निर्धारण गरेको निर्धाण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँट गर्ने*
  - *प्रदेशले मासिक रुपमा सम्वन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने*

(३) **अनुदान**

- बित्तीय समानीकरण अनुदानः खर्चको आवस्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा संघ र प्रदेशबाट प्राप्त
- सशर्त अनुदानः कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- समपूरक अनुदान : पूर्वाधार बिकास सम्बन्धि कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- बिशेष अनुदान : कुनै खास उदेश्य र योजनाको लागि संघ र प्रदेशबाट

(४) **बैदेशिक सहायता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्वस्वीकृति लिएरमात्र बैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएरमात्र वित्त आयोगले सिफारिस गरेको सिमा भित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिब कार्यकालागि ऋण लिन सक्ने

उपरोक्त व्यवस्थाहरुले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरुलाई व्याख्या गरेको छ । स्थानीय तहले कानून बमोजिम वाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरु रहेका छन् ।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, बस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक व्यवस्था)
- कर नलाग्ने : कुटनीतिक नियोग, कुटनितिज्ञ, बैदेशिक ऋण वा सहायतावाट संचालित परियोजनावाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको विकृ नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र
- सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीवाट गर्न सक्ने

## ३.२. राजस्व परिचालन नीति

- गाउँपालिकास्तरीय राजस्व परामर्श समिति तथा राजस्व प्रक्षेपण सम्बन्धी सम्भावना अध्ययनमा उल्लेखित सुझाव एवं सिफारिसलाई यस गाउँपालिकाको राजस्व नीतिको आधारको रुपमा अवलम्बन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- आन्तरिक श्रोतको कर, शुल्क, दस्तुर, महशुल असुली व्यवस्थापनलाई प्रभावकारी बनाई गाउँपालिकाको विकासको गतिलाई दिगो र भरपर्दो बनाउनको लागि राजस्व असुलीको योजनालाई नीतिगत रुपमा लिइनेछ ।
- गाउँपालिकाको स्वामित्वमा रहेको सम्पत्ति तथा अन्य सरकारी सार्वजनिक सम्पदाहरुको उचित संरक्षण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- व्यवसाय कर, बहाल कर तथा अन्य श्रोतहरुको लगत संकलन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका आन्तरिक श्रोत साधनहरुको पहिचान तथा समुचित उपयोग गरी समयानुकूल आन्तरिक स्रोत वृद्धि गर्दै लगिने नीतिलाई निरन्तरता दिइनेछ ।
- प्रारम्भिक वातावरणीय परीक्षण (IEE)को प्रतिवेदनमा उल्लेखित क्षेत्रहरुमा उल्लेखित परिमाणको परिधि भित्र रहि ढुङ्गा,गिट्टी र वालुवा उत्खनन् गरी आन्तरिक बिक्री वा बाह्य बिक्री तथा निकासी गर्ने प्रयोजनार्थ कर, शुल्क असुल गर्ने नीति लिइनेछ ।
- यस गाउँपालिका भित्र सार्बजनिक स्थलबाट उत्पादन हुने माटो, काठ दाउरा, जराजुरी, स्लेट,खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुहरुमा कर, शुल्क लिई आन्तरिक खपत तथा वाह्य निकासी गर्ने नीति लिईनेछ ।

# परिच्छेदः ४
# गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

यस परिच्छेदमा कालीगण्डकीगाउँपालिकालाई प्राप्त संबैधानिक तथा कानुनी अधिकारको आधारमा सम्भाव्य आय शिर्षकहरुको परिचालन अवस्थाको विश्लेषण गरिएको छ । गाउँपालिकाले चालु आर्थिक वर्षको लागि कुल रु. ८ लाख ६५ हजार आन्तरिक आय अनुमान गरेकोमा बैशाख मसान्तसम्ममा करिब रु १५ लाख आय संकलन गरेको छ ।कालीगण्डकीगाउँपालिकाले चालु आ.व.मा सम्भावना भएका आय शिर्षकहरुको संभाव्यता, संकलनको अवस्था तथा दरको निर्धारण देहाय बमोजिम उल्लेख गरिएको छ ।

गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

| क.सं. | आयका शिर्षक | सम्भावना | दर निर्धारण | संकलन |
|---|---|---|---|---|
| **क.** | **कर तर्फ** | | | |
| १ | भूमि कर (मालपोत) | छ | भएको | भएको |
| २ | सम्पत्ति कर | छ | भएको | भएको |
| ३ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | छ | भएको | नभएको |
| ४ | घर जग्गा बहाल कर | छ | भएको | भएको |
| ५ | व्यवसाय कर | छ | भएको | भएको |
| ६ | जडिबुटी, कवाडी र जिवजन्तु कर | छ | भएको | नभएको |
| **ख.** | **गैर कर** | | | |
| १ | ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क | छ | भएको | नभएको |
| २ | नक्सापास दस्तुर | छ | भएको | नभएको |
| ३ | व्यक्तिगत घटना दर्ता शुल्क | छ | भएको | भएको |
| ४ | वहाल विटौरी शुल्क | छ | भएको | नभएको |
| ५ | पार्किङ्ग शुल्क | छ | भएको | नभएको |
| ६ | फोहरमैला व्यवस्थापन शुल्क | छ | नभएको | नभएको |
| ७ | स्थानीय खानेपानी महसुल | छैन | | |
| ८ | स्थानीय विद्युत महसुल | छैन | | |
| ९ | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिपफ्लायर, प्याराग्लाईडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | छैन | | |
| १० | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवा शुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्ययमशाला, पर्यटकिय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि | छ ( हाटवजार, सडक, वसपार्क) | सडक भएको | सडकबाट कर संकलन नभएको |

| क.सं. | आयका शिर्षक | सम्भावना | दर निर्धारण | संकलन |
|---|---|---|---|---|
| ११ | मूल्यांकन सेवा शुल्क | छ | नभएको | नभएको |
| १२ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म | छ | भएको | भएको |
| १३ | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | छ | भएको | भएको |
| १४ | दण्ड जरिवाना | छ | नभएको | नभएको |

कर तर्फ कालीगण्डकीगाउँपालिकाले भूमिकर (मालपोत), व्यवसाय कर र घरजग्गा वहाल करको दर निर्धारण गरि असुलीको व्यवस्था समेत गर्दै आएको छ। नेपाल सरकारको आर्थिक ऐनले स्थानीय तहले एकीकृत सम्पत्ति करको सट्टा सम्पती कर र भूमिकर (मालपोत) लिन पाउने व्यवस्था गरेता पनि एकिकृत सम्पती करको रुपमानै कर असुली गरिरहेको छ।

यो गाउँपालिका२ वर्ष अघिमात्र स्थापना भएकोले मौजुदा कानून अनुसार गाउँपालिकाले संकलन गर्न सक्ने अधिकांश कर तथा गैर करका श्रोतहरुको दर निर्धारण गरेको भएतापनि सो को उपयोग गरि राजश्व संकलन गर्न सकेको छैन। गैरकर तर्फ गाउँपालिकाले ब्यक्तिगत घटना दर्ता, मुल्यांकन सेवा शुल्क र सिफारिश तथा प्रमाणित दस्तुर मात्र संकलन गरि आएको छ। गाउँपालिकाले नक्सापास दस्तुर र वहाल विटौरीको दरनिर्धारण गरी आय संकलन गरिरहेको छ।

## आन्तरिक स्रोत (राजश्व) संकलनको अवस्था विश्लेषण

### ४.१. स्थानीय कर

### क. सम्पत्ति कर

**हालको अवस्था:**गाउँपालिकाले २०७५।७६ को आर्थिक ऐनबाट घरको बनोटको आधारमा सम्पत्ति करको दर तोकेको पाईन्छ। स्थानीय सरकार संचालन ऐनले गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रसम्पत्ति कर लगाउने व्यवस्था गरेको छ। चालु आ.व. २०७५।७६ देखिसम्पत्तिकर लगाउनु पर्ने प्रावधान सोही ऐनले गरेको छ।सम्पत्ति करको परिभाषामा घर र घरले चर्चेको जग्गाको मात्र लिन पाईने नेपाल सरकारको आर्थिक ऐनले व्यवस्था गरेको छ।

यस गाउँपालिकाले चालु आ.व.को लागि आर्थिक ऐनमा एकिकृत सम्पती कर संकलन गर्नेगरी करको दर निर्धारण गरेको तर कर अनुमान गर्दा एकिकृत सम्पती कर र भुमिकरको रुपमा बेग्लाबेग्लै अनुमान गरेको देखिन्छ। एकिकृत सम्पती कर तर्फ १ लाख ६५ हजार अनुमान गरिएको थियो भने भुमिकर तर्फ २ लाख ५० अनुमान गरिएको थियो। तर हालसम्म कुन शिर्षकबाट कति आय भयो भन्ने तथ्याङ्क स्पष्टसँग खुल्नेगरी राखिएको छैन।

**चालु आ.व.मा सम्पती कर तथा मालपोत तर्फ निर्धारण गरिएको दर**

| क्र.सं. | विवरण | करको दर | कैफियत |
|---|---|---|---|
| क) | पक्की घर /आर सी.सी | १००।०० | |
| ख) | जस्ता ढुङ्गा | ३०।०० | |
| ग) | खर | १०।०० | |
| घ) | मालपोत कर | | |
| ङ) | न्युनतम २० रोपनी सम्म | २००।०० | |
| च) | २० रोपनी भन्दा माथि थप प्रति रोपनी | २०।०० | |

### ख. घरजग्गा वहाल कर

**हालको अवस्था:**गाउँपालिका क्षेत्रभित्र व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पच, जग्गा वा पोखरी पुरै, आंशिक तवरले वहालमा दिएकोमा वहालमा दिएको कुल रकमको १० प्रतिशतको दरले वहाल कर लगाईने व्यवस्था अनुसार वहाल कर संकलन गर्न पाउने कानुनी व्यवस्था रहेको छ । तर कालीगण्डकीले घरवहाल कर र जग्गा वहाल कर तर्फ १२ प्रतिशत कर निर्धारण गरेको देखिन्छ ।

कालीगण्डकीले यस शिर्षक अन्तर्गत चालु आर्थिक वर्षमा जम्मा २० हजार मात्र आय अनुमान गरिएको रहेछ तर चालु आर्थिक वर्षको बैशाख मसान्तसम्म यस शिर्षकमा पनि कति आय भयो भन्ने यकिन जानकारी छैन ।

### ग. व्यवसाय कर

**हालको अवस्था:**गाउँपालिकाले आर्थिक ऐनमा व्यवसायको प्रकृति अनुसार करको दर निर्धारण गरेको छ । आर्थिक ऐनको अनुसूची ४ मा व्यवसाय करको दर तोकेको छ ।व्यवसाय करको दर न्यूनतम रु ३० देखि अधिकतम रु १५ हजार सम्म रहेको छ । यस वापत गाउँपालिकाले चालू आ.व. को लागि व्यवसायकर बापत जम्मा २ लाख १६ हजार आम्दानी हुन सक्ने अनुमान गरेको थियो । चालु आ.व.को बैशाखमसान्तसम्म यस शिर्षकबाट जम्मा २ लाख १४ हजार संकलन भैसकेको देखिन्छ । व्यवसाय कर संकलन पूर्व व्यवसाय संचालनकोलागि इजाजत दिने तथा वार्षिक कर संकलन गरी नविकरण गर्ने संस्थागत व्यवस्था गर्न आवश्यक देखिन्छ । गाउँपालिकाले चालु आ.व.को लागि व्यवसाय करको वार्षिक दर देहाय अनुसार निर्धारण गरेको छ ।

**व्यवसाय करको वार्षिक दर**

| क्र. सं. | व्यवसायको विवरण | आ.ब २०७५/०७६ का लागि प्रस्तावित करको श्रेणी | | नविकरण शूल्क | |
|---|---|---|---|---|---|
| | स्तर | क | ख | क | ख |
| क | **पर्यटन उद्योग** | | | | |
| १ | होमस्टे | १०००।०० | ५००।०० | ५००।०० | |
| २ | साधारण होटल र जल | १५००।०० | १०००।०० | ७५०।०० | |
| ३ | रेष्टुरेण्ट बार समेत म.म. तास सेकुवा | १५००।०० | १०००।०० | ७५०।०० | |
| ४ | चिया पसल/सामान्य रेष्टुराँ | | ५००।०० | | |
| ५ | प्रति पर्यटक स्वेदेशी र विदेशी | २५।५० | २०।२५ | | |
| ख | **व्यापारिक वस्तु** | | | | |
| १ | खाद्यान्न किराना पसल डिलर र खुद्रा | ५००।०० | २५०।०० | ५००।०० | |
| २ | कपडा पसल थोक एवं खुद्रा | ८००।०० | ४००।०० | ८००।०० | |
| ३ | पेट्रोल पम्प ग्यास थोक, खुद्रा | २०००।०० | | २०००।०० | |
| ४ | विद्युत सामान तथा विद्युतीय सामग्री टि.मी., कम्प्युटर,मोबाईल, घडी रेडियो विक्री | ८००।०० | ४००।०० | ८००।०० | |
| ५ | निर्माण सामग्री | ७५०।०० | ५००।०० | ७५०।०० | |
| ६ | हार्डवेयर | २०००।०० | १०००।०० | २०००।०० | |
| ७ | भाडा पसल | ८००।०० | ४००।०० | ८००।०० | |
| ८ | सुनचाँदी पसल ज्वेलेरी | १६००।०० | ८००।०० | १६००।०० | |
| ९ | फेन्सी पसल | ८००।०० | ४००।०० | ८००।०० | |

| क्र. सं. | व्यवसायको विवरण | आ.ब २०७५/०७६ का लागि प्रस्तावित करको श्रेणी | | नविकरण शूल्क | |
|---|---|---|---|---|---|
| | स्तर | क | ख | क | ख |
| १० | सवारी साधन खरिद विक्री (शोरुम) | ३०००।०० | १५००।०० | ३०००।०० | |
| ११ | उनी धागो पसल | ५००।०० | २५०।०० | ५००।०० | |
| १२ | जुत्ता चप्पल पसल | ५००।०० | २५०।०० | ५००।०० | |
| १३ | सपिङ्ग सेन्टर | १५००।०० | १०००।०० | १५००।०० | |
| १४ | ब्याग हाउस | ५००।०० | २५०।०० | ५००।०० | |
| ग | **अन्य सेवा** | | | | |
| १ | विविध श्रृङ्गार पसल/ब्यूटी पार्लर थोक / खुद्रा | ५००।०० | २५०।०० | ५००।०० | २५०।०० |
| २ | फर्निचर पसल | १०००।०० | ५००।०० | १०००।०० | ५००।०० |
| ३ | गिफ्ट पसल थोक/खुद्रा | १०००।०० | ५००।०० | ५००।०० | २५०।०० |
| ४ | केबल, नेटवर्किङ | ५०००।०० | २५००।०० | ५०००।०० | २५००।०० |
| ५ | पूलवोड प्रति वोर्ड | | २५०।०० | | २५०।०० |
| ६ | भिडियो गेम प्रति स्क्रिम | | २५००।०० | | २५००।०० |
| ७ | पुस्तक तथा पत्रिका पसल | १०००।०० | ५००।०० | १०००।०० | ५००।०० |
| ८ | नर्सरी र फलफूलका विरुवा विक्री वितरण | ५००।०० | २५००।०० | ५००।०० | २५००।०० |
| ९ | संस्थागत पेन्टर | | २५००।०० | | २५००।०० |
| १० | तरकारी पसल र फलफूल | | २५००।०० | | २५००।०० |
| ११ | वीज भण्डारी | ५००।०० | २५००।०० | ५००।०० | २५००।०० |
| १२ | मासु पसल | ५००।०० | २५००।०० | ५००।०० | २५००।०० |
| १३ | कपडा सिलाई | | २५००।०० | | २५००।०० |
| १४ | हेयर कटिङ | | २५००।०० | | २५००।०० |
| १५ | आर्ट | | २५००।०० | | २५००।०० |
| १६ | फोटो स्टुडियो | ५००।०० | २५००।०० | ५००।०० | २५००।०० |
| १७ | माछा पसल | ५००।०० | २५००।०० | ५००।०० | २५००।०० |
| १८ | एग्रोभेट/विउ विजन | ५००।०० | २५००।०० | ५००।०० | २५००।०० |
| १९ | रंगरोगन पसल | ५००।०० | २५००।०० | ५००।०० | २५००।०० |
| २० | चश्मा पसल | ५००।०० | २५००।०० | ५००।०० | २५००।०० |
| २१ | ड्राईक्लीनर | ५००।०० | २५००।०० | ५००।०० | २५००।०० |
| घ | **मर्मत संभार** | | | | |
| १ | रेडियो,टि.भी.,घडी, प्रेसर कुकर, टेलिफोन सेट पंखा तथा स्टोभ, विद्युत सामग्री मर्मत केन्द्र | ८००।०० | ४००।०० | ८००।०० | ४००।०० |
| २ | हेभी इक्विपमेन्ट बस, ट्रक, कार, | ८००।०० | ४००।०० | ८००।०० | ४००।०० |

| क. सं. | व्यवसायको विवरण | आ.ब २०७५/०७६ का लागि प्रस्तावित करको श्रेणी | | नविकरण शूल्क | |
|---|---|---|---|---|---|
| | स्तर | क | ख | क | ख |
| | मोटरसाइकल, टेम्पो, साईकल, मर्मत कारखाना तथा टावर मर्मत केन्द्र | | | | |
| ३ | सवारी साधन पाटपूर्जा विक्री | १५००।०० | ७५०।०० | ७५०।०० | ७५०।०० |
| ४ | सेवा उद्योग | | | | |
| ५ | डाइभिङ्ग इन्स्टिच्यूट | २०००।०० | १०००।०० | १०००।०० | ५०० |
| ६ | चलचित्र मन्दिर | २०००।०० | १०००।०० | १०००।०० | ५०० |
| ७ | ल्याब तथा फोटो ग्राफी | १६००।०० | ८०० | ८०० | ४०० |
| ८ | छापाखाना | २०००।०० | १०००।०० | १०००।०० | ५०० |
| **ङ** | **कृषि, पशुपंक्षी तथा वनजन्य उद्योग** | | | | |
| १ | कृषि पशुपंक्षी वा वन पैदावारमा आधारित उद्योग,फर्निचर उद्योग आदि | २०००।०० | १०००।०० | १०००।०० | ५०० |
| २ | दुध डेरी | १०००।०० | ५००।०० | ५००।०० | २५०।०० |
| च | **उजोमुलक** | | | | |
| १ | वायो ग्यास तथा सौर्य प्रविधि र अन्य स्रोतहरु | १०००।०० | ५०० | ५०० | २५०।०० |
| छ | **उत्पादन मुलक उद्योग** | | | | |
| १ | पाउरोटी भण्डार | १०००।०० | ५००।०० | ५०० | २५०।०० |
| २ | मिल | १६००।०० | ८००।०० | ८००।०० | ४००।०० |
| ३ | आइसक्रिम उद्योग तथा पसल | १०००।०० | ५००।०० | ५०० | २५०।०० |
| ज | **बित्तिय सेवा** | | | | |
| १ | बित्तिय संस्था (फाइनान्स) | ४०००।०० | | २५००।०० | |
| २ | सहकारी संस्था | १५००।०० | | १०००।०० | |
| ३ | रेमिटेन्स सेवा | १०००।०० | | ५००।०० | |
| ४ | सरकारी बैंक | १००००।०० | | ५०००।०० | |
| ५ | निजी बैंक | १००००।०० | | ५०००।०० | |
| ६ | वीमा एजेन्ट | २०००।०० | | १०००।०० | |
| झ | **स्वास्थ्य सेवा** | | | | |
| १ | निजी तथा गैरसरकारी अस्पताल | ३०००।०० | १५००।०० | १५००।०० | ७५०।०० |
| २ | नर्सिङ्ग होम | २०००।०० | १०००।०० | १०००।०० | ५००।०० |
| ३ | क्लिनिक तथा ल्याब | २०००।०० | १०००।०० | १०००।०० | ५००।०० |
| ४ | डेन्टल ल्वाब वा क्लिनिक | १०००।०० | ५००।०० | | |

| क. सं. | व्यवसायको विवरण | आ.ब २०७५/०७६ का लागि प्रस्तावित करको श्रेणी | | नविकरण शूल्क | |
|---|---|---|---|---|---|
| | स्तर | क | ख | क | ख |
| ५ | मेडिकल | १५००।०० | ७५०।०० | ७५०।०० | ४००।०० |
| ञ | **शिक्षा सेवा** | | | | |
| १ | निजी क्षेत्रका बोर्डिङ स्कुल क्याम्पस उ.मा.वि. मा.वि. र प्रा.वि. | ३०००।०० | २०००।०० | २०००।०० | १५००।०० |
| २ | टाईपिङ, कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था | २०००।०० | १०००।०० | १०००।०० | ५००।०० |
| ३ | सिलाई, बुनाई, पेन्टिङ्ग, कटिङ प्रशिक्षण | २०००।०० | १०००।०० | १०००।०० | ५००।०० |
| ४ | प्राविधिक शिक्षालय | | २५००।०० | | १५००।०० |
| ५ | कोचिङ सेन्टर | | २०००।०० | | १०००।०० |
| ६ | टेक्निकल इन्स्टिच्युट | | २०००।०० | | १०००।०० |
| ७ | होस्टेल | | १५००।०० | | १०००।०० |
| ट | **व्यवसायी गाउँपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा क, ख, ग, घ निर्माण** | ख<br>**५०००,** | ग<br>**३०००,** | घ<br>**२०००।०** | |
| ठ | सञ्चार सेवा | | | | |
| १ | निजी क्षेत्रका फोटोकपि, कुरियर फ्याक्स, इमेल, इन्टरनेट र टेलिफोन | १०००।०० | ५००।०० | ५००।०० | २५०।०० |
| २ | इन्टरनेट सर्भिस प्रोभाईडर | १५००।०० | ७५०।०० | ७५०।०० | ४००।०० |
| ड | **विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा** | | | | |
| १ | चिकित्सक विशेषज्ञ स्वा. सहायक, कविराज | १०००।०० | ५००।०० | ५००।०० | २५०।०० |
| २ | ल फर्म | १०००।०० | ५००।०० | ५००।०० | २५०।०० |
| ३ | कन्सल्टेन्सी फर्म इन्जिनियर | ३५००।०० | २०००।०० | २०००।०० | १०००।०० |
| ४ | ज्योतिष | | ५००।०० | | २५०।०० |
| ५ | कानून व्यवसायी | १०००।०० | ५००।०० | ५००।०० | २५०।०० |
| ६ | अडिटर फर्म क, ख, ग, घ | १०००।०० | ५००।०० | ५००।०० | २५०।०० |
| ७ | सर्भेयर | १०००।०० | ५००।०० | ५००।०० | २५०।०० |
| ढ | **अन्य व्यवसाय** | | | | |
| १ | कवाडी सामानको थोक विक्रेता | १०००।०० | ५००।०० | ५००।०० | २५०।०० |
| २ | टेण्ट हाउस | १०००।०० | ५००।०० | ५००।०० | २५०।०० |
| ३ | लण्ड्री पसल | १०००।०० | ५००।०० | ५००।०० | २५०।०० |
| ४ | मादल पसल | १०००।०० | ५००।०० | ५००।०० | २५०।०० |
| ५ | माटोको भाँडा बनाउने | १०००।०० | ५००।०० | ५००।०० | २५०।०० |
| ६ | मिठाइ पसल | १०००।०० | ५००।०० | ५००।०० | २५०।०० |
| ण | **साना तथा मझौला उद्योग** | | | | |

| क. सं. | व्यवसायको विवरण | आ.ब २०७५/०७६ का लागि प्रस्तावित करको श्रेणी | | नविकरण शूल्क | |
|---|---|---|---|---|---|
| | स्तर | क | ख | क | ख |
| १ | कटिङ ढुङ्गा उद्योग | २०००।०० | १०००।०० | १०००।० | ५००।०० |
| २ | इट्टा भट्टा | २०००।०० | १०००।०० | १०००।०० | ५००।०० |
| ३ | ग्रिल उद्योग | ३०००।०० | १५००।०० | २०००।०० | १०००।०० |
| ४ | अन्य उद्योग | १५००।०० | १०००।०० | ७५०।०० | ५००।०० |
| ५ | ब्लक उद्योग | १५००।०० | १०००।०० | ७५०।०० | ५००।०० |
| ६ | स्वदेशी बस्त्र उद्योग एवं स्वरुम | १०००।०० | ५००।०० | ५००।०० | २५०।०० |
| ७ | आलमुनियम उद्योग | २५००।०० | १५००।०० | १५००।०० | १०००।०० |
| ८ | स्टिल फर्निचर उद्योग | २५००।०० | १५००।०० | १५००।०० | १०००।०० |
| ९ | तयारी पोशाक | | ८००।०० | | ५००।०० |
| १० | होजियरी उद्योग | | ५००।०० | | ३००।०० |
| ११ | फर्निचर तथा काष्ठ उद्योग/स:मिल | २०००।०० | १०००।०० | १०००।०० | ५००।०० |
| १२ | पोल्ट्री फार्म | | ५००।०० | | ३००।०० |
| १३ | फ्ल्याक्स वोर्ड पेन्टिङ्ग | | १०००।०० | | ५००।०० |

द्रष्टव्यः– माथि उल्लेखित दस्तुरको हकमा मूल्य अभिवृद्धि करमा दर्ता भई सञ्चालनमा रहेका ठुला व्यवसायीलाई क वर्ग बमोजिम र तोकिएको निकायबाट स्थायी लेखा नम्बर लिई वा मूल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्बर नलिई सञ्चालनमा रहेका व्यवसायिहरुलाई नियमानुसार मुल्य अभिवृद्धि कर तथा स्थायी लेखा नम्बर लिई संचालन गर्न गराउन प्रोत्साहित गर्ने र यस्ता किसिमका व्यवसायीहरुलाई ख वर्ग बमोजिम व्यवसाय कर लगाउने ।

### ङ. सवारी साधन कर

**हालको अवस्थाः**संविधान बमोजिम सवारी साधन सम्बन्धी अधिकार साझा अधिकार सूचीमा परेको छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐनले उक्त शिर्षकमा कर उठाउने अधिकार प्रदेश सरकारलाई दिएको छ भने उठाईएको कर राजश्व बाँडफाँट वापत स्थानीय सरकारलाई समेत बाड्नु पर्नेछ । सवारी साधन मध्ये इरिक्सा, अटोसरक्सा र ठेलागाडाको कर मात्र स्थानीय सरकारले लिन पाउने छ । चालु आ.व.को लागि सवारी साधन कर (सवारी दर्ता, वार्षिक सवारी कर तथा पटके सवारी) वापत कुनै आय अनुमान नगरेता पनि आर्थिक ऐनले सवारी साधनको वार्षिक कर निर्धारण गरेको पाइन्छ । आगामी आ.व.मा इरिक्सा, अटोरिक्सा र ठेलागाडाको मात्र करको दर निर्धारण गरी असुली गर्नुपर्ने देखिन्छ । सवारी साधन कर अन्तर्गत चालु आ.व.को लागि १३ हजार आय संकलन हुने अनुमान गरिएको थियो ।

**बार्षिक सवारी कर दर्ता**

| क.सं. | सवारीको प्रकार | वार्षिक कर |
|---|---|---|
| १ | बस, ट्रक लहरी | ५००।०० |
| २ | मिनीबस, ट्रक छ पांग्रे | ३५०।०० |
| ३ | मिनीबस, ट्रक चार पांग्रे | २५०।०० |

| क्र.सं. | सवारीको प्रकार | वार्षिक कर |
|---|---|---|
| ४ | भाडाको कारजीप | १५०।०० |
| ५ | निजी कार, भ्यान, जिप, पिकअप | २५०।०० |
| ६ | टेक्टर ठुलो ४० हर्षपावर भन्दा माथि | २५०।०० |
| ७ | टेक्टर सानो ४० हर्षपावर भन्दा सानो | १५०।०० |
| ८ | स्कुटर मोटरसाइकल | ५०।०० |
| ९ | गोरु गाडा | २०।०० |
| १० | पावर टेलर | ५०।०० |
| ११ | लोडर,डोजर र एक्साभेटर भ्याकूम | १०००० |

## च. विज्ञापन कर

गाउँपालिकाले चालु आ.व.को लागि विज्ञापन करको दर निर्धारण गरेको भएता पनि यस शिर्षकबाट वार्षिक आय जम्मा १० हजार अनुमान गरिएको थियो तर यस शिर्षकबाट पनि संकलन भएको रेकर्ड छैन ।

**चालु आ.व.को लागि निर्धारण गरिएको विज्ञापनको दर**

| क्र.सं. | विज्ञापन दर | कर रकम रु. |
|---|---|---|
| १ | साइनवोर्ड, ग्लोवोर्ड, स्टल आदिमा २५ वर्ग फुटभन्दा माथि | ५००।०० |
| २ | साइनवोर्ड, ग्लोवोर्ड, स्टल आदिमा २५ वर्ग फुट सम्म | ३००।०० |
| ३ | तूल व्यानर एक हप्ताको लागि | ५०।०० |
| ४ | तूल व्यानर एक हप्ता भन्दा बढी | १००।०० |

## छ. मनोरञ्जन कर

मनोरञ्जन कर सम्बन्धी अधिकार प्रदेश सरकारको क्षेत्राधिकार भित्र परे पनि यस शिर्षकमा कर उठाउन स्थानीय सरकारलाई अधिकार प्रत्यायोजन गरिएको छ । तर यस शिर्षबाट उठेको रकम राजश्व बाँडफाँट वापत प्रदेश सरकारलाई समेत वितरण गर्नुपर्दछ । कालीगण्डकीगाउँपालिकाले यस शिर्षक अन्तर्गत कुनै रकम आम्दानी गर्ने लक्ष्यनै राखेको छैन तर मनोरञ्जनका क्षेत्रहरु र करको दर भने निर्धारण गरेको देखिन्छ ।

# ४.२. गैर कर राजश्व

## क. बहाल विटौरी शुल्क

गाउँपालिकाले आफुले रेखदेख वा सञ्चालन गरेको हाटवजार र सरकारी जग्गामा वनेका संरचनाको उपयोग गरेवापत वहाल विटौरी शुल्क लगाउन पाउने व्यवस्था छ । गाउँपालिकाको गत आर्थिक वर्षमा यस शिर्षक अन्तर्गत दररेट तोकिएको छ तर चालु आ.व.को लागि यस शिर्षकमा कुनै रकम आम्दानी हुने अपेक्षा गरिएको छैन ।

सार्वजनिक जग्गामा निर्माण भएका घर, टहराहरुमा बहाल विटौरी शुल्क अन्तर्गत चालु आ.व.को लागि निर्धारण गरिएको शुल्कका दर

| | | | |
|---|---|---|---|
| १ | सर्वजनिक स्थानमा बनेका घर सटरहरुको प्रतिसटर, कोठा | प्रतिसटर, को टेण्डर प्रतिस्पर्धाका आधारमा कायम गर्ने | टेण्डर प्रतिस्पर्धाका आधारमा कायम गर्ने |
| २ | घुम्तीहरु मासिक प्रति वर्ग मि. | ५०।०० | ५०।०० |
| ३ | टहराहरु मासिक प्रति वर्ग मि. | ५०।०० | ५०।०० |
| ४ | गोदामहरु मासिक प्रति वर्ग मि. | ५०।०० | ५०।०० |

| | | | |
|---|---|---|---|
| ५ | अन्य संरचनाहरु मासिक गाउँपालिकाको निर्णयानुसार | गाउँपालिकाको निर्णयानुसार | गाउँपालिकाको निर्णयानुसार |

**ख. पार्किङ शुल्कः**

पालिकामा खासै पार्किङ शुल्क लगाउने स्थान नभएता पनि गाउँपालिकाले शुल्कको दर भने तोकेको पाइयो । तर आम्दानी प्राप्त गर्ने लक्ष्य राखिएको छ ।

चालु आ.व.को लागि पार्किङ शुल्क तर्फको दर

| क्र.सं. | सवारी पार्किङ शुल्क | शुल्क रु. |
|---|---|---|
| १ | ठूला सवारी साधन प्रति दिन | ५०।०० |
| २ | साना सवारी साधन प्रति घण्टा दिन | २०।०० |

**ग. सार्वजनिक सुविधा उपयोग सेवा शुल्क (सवारी पटके कर)**

गाउँपालिकाले निर्माण गरेका पूर्वाधारहरुको उपयोग गरे वापत पूर्वाधार उपयोग सेवा शुल्क उठाउन पाउने व्यवस्था छ । आफुले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा सेवामा( खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि) मा सेवा शुल्क लगाउन पाउने व्यवस्था रहेको छ ।

कालीगण्डकीगाउँपालिकाले चालु आ.व.को लागि पूर्वाधार सेवाको उपयोगमा लाग्ने करको दर निर्धारण गरेता पनि तत्काल लागु नगर्ने भनि आयको अनुमान गरेको छैन ।

**पटके व्यवसाय कर**

| क्र.सं. | सवारी साधनको किसिम | पटके कर | कैफियत |
|---|---|---|---|
| १ | बस, ट्रक | १००।०० | तत्काल लागु नगर्ने |
| २ | ट्याक्टर ठूलो ४० हर्षपावर भन्दा बढी | १००।०० | " |
| ३ | मिनी बस, ट्रक, जिप | ६०।०० | " |
| ४ | टेक्टरठूलो ४० हर्षपावर भन्दा घटी | ५०।०० | " |
| ५ | निजी कार, भाडा कार | ५०।०० | " |
| ६ | मोटरसाइकल स्कुटर | २०।०० | " |
| ७ | विदेशी बस, ट्रक | २००।०० | " |
| ८ | विदेशी मिनी बस, ट्रक, जिप | १५०।०० | " |
| ९ | विदेशी कार र ट्याक्सी | १५०।०० | " |

**ग. घर नक्सा पास दस्तुर :**

**हालको अवस्थाः** यस गाउँपालिकाले नक्सापास दस्तुरको दर निर्धारण गरेता पनि घर नक्शापास गर्ने परिपाटीको शुरुवात भने गरेको देखिदैन ।

**चालु आ.व.को लागि घर नक्सा पास दस्तुर**

| क्र.सं. | नक्सा पास | दस्तुर | कैफियत |
|---|---|---|---|
| क) | नक्सा पास निवेदन | **३००।००** | |

| | | | |
|---|---|---|---|
| ख) | १००० वर्गफीट भन्दा थोरै | | |
| ग) | भूमिगत तला/पहिलो तला /दोस्रो तला/तेस्रो तला /सो भन्दा माथि क्रमशः | रु.२/रु.४/रु.६/रु.७/रु.८ | |
| घ) | १००० वर्गफीट भन्दा धेरै | | |
| ङ) | भूमिगत तला/पहिलो तला /दोस्रो तला/तेस्रो तला /सो भन्दा माथि क्रमशः | रु.३/रु.४/रु.६/रु.८/रु.१० | |

## ग. दर्ता, अनुमति,सिफारिस तथा प्रमाणित शुल्क/दस्तुरः

**हालको अवस्थाः** स्थानीय तहले एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, जग्गा प्लटिङ्ग, ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग आदि कार्य गर्नको लागि अनुमति दिन र सो बापत दस्तुर संकलन गर्न सक्छन् । गाउँपालिकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐन मार्फत निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडावाट दैनिक रुपमा संकलन गरिआएको छ ।आर्थिक ऐनले सिफारिश तथा प्रमाणितको दर न्यूनतम रु १० देखि ७५००० सम्म निर्धारणगरेको छ र यसवाट हुने शिर्षकगत आय अन्तर्गत चालु आ.व.को लागि रु. ५० हजार मात्र असुल हुन सक्ने अनुमान गरिएको छ । यस शिर्षकमा गाउँपालिकाले गाउँ कार्यपालिका तथा वडा कार्यालयहरुवाट यस्तो दस्तुर संकलन गरिआएको छ । वडावाट संकलित सिफारिश तथा प्रमाणित दस्तुरवाट संकलित रकम नगदी रसिद मार्फत नगद लिई मासिक रुपमा पालिका कार्यालयमा लगि जम्मा गर्ने गरिएको छ । यसका अतिरिक्त गाउँपालिकावाट हुने सम्पुर्ण सिफारिशहरुबाट सिफारिश वा प्रमाणित दस्तुर संकलन हुन नसकेको संभावनालाई पनि औल्याईएको छ ।

**हालको अवस्थाः** यो व्यवस्था भर्खरै प्रचलनमा आएको स्थानीय तह सञ्चालन ऐनले गरेको हुनाले गाउँपालिकाले यस्तो शिर्षकबाट आय संकलन गर्न आर्थिक ऐनमा व्यवस्था गरेको छैन ।

**कार्यालयबाट दैनिक संकलन हुने सेवा शुल्क तथा दस्तुरको शिर्षकगत दर**

| सि.न. | विवरण | आ.ब. ०७४/०७५ को | आ.ब २०७५/०७६ को लागि प्रस्तावित | कैफियत |
|---|---|---|---|---|
| | **सिफारिस** | | | |
| १ | नाता प्रमाणित | | | |
| २ | नेपालीमा | १००।०० | १००।०० | |
| ३ | अंग्रेजीमा | ३००।०० | ५००।०० | |
| द | **नागरिकता सिफारिस** | | | |
| १ | वंशज नागरिकताको सिफारिश | | १००।०० | |
| २ | बैवाहिक अंगिकृत नागरिकताको सिफारिश | | ५००।०० | |
| ३ | प्रतिलिपि नागरिकता सिफारिश | १००।०० | १००।०० | |
| ४ | राहादानी सिफाशि | १००।०० | १००।०० | |
| ५ | बहाल करको लेखाजोखा सिफारिस | १००।०० | १५०।०० | |
| ६ | मोहि लगत कट्टाको सिफरिस | १००।०० | १५०।०० | |
| ७ | घरजग्गा करको लेखाजोखा सिफरिस | २००।०० | २५०।०० | |
| ८ | जन्ममिति प्रमाणित गर्ने | २००।०० | २५०।०० | |

| सि.न. | विवरण | आ.ब. ०७४/०७५ को | आ.ब २०७५/०७६ को लागि प्रस्तावित | कैफियत |
|---|---|---|---|---|
| ९ | व्यापार व्यवसाय बन्द भएको सञ्चालन नभएको वा हुँदै नभएको सिफारिस गर्ने | २००।०० | २५०।०० | |
| १० | मिलापत्रको कागज गराउने निवेदन दर्तागर्न सिफारिश गर्ने | | २५०।०० | |
| ११ | विवाहित वा अविवाहित प्रमाणित गर्ने | | २००।०० | |
| १२ | निशुल्क वा सशुल्क स्वास्थ्य उपचारको सिफारिस | | | |
| १३ | अंग्रेजी माध्यममा सिफारिस तथा प्रमाणित | २००।०० | ५००।०० | |
| १४ | घर, बाटो प्रमाणित गर्ने | | २००।०० | |
| १५ | व्यक्तिगत विवरण प्रमाणित गर्ने | २००।०० | २००।०० | |
| १६ | पुर्जामा घर कायम गर्ने सिफारिस | १५०।०० | १५०।०० | |
| १७ | फरक–फरक नाम थर जन्ममिति तथा प्रमाणित दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस गर्ने | २५०।०० | २५०।०० | |
| १८ | नामथर जन्ममिति संशोधनको सिफारिस | ५००।०० | ५००।०० | |
| १९ | जग्गाधनी पुर्जा हराएको सिफारिस | १५०।०० | १५०।०० | |
| २० | कागज र मन्जुरीनामा प्रमाणित गर्ने | १५०।०० | १५०।०० | |
| २१ | कित्ताकाट गर्ने सिफारिस गर्ने संरक्षक प्रमाणित गर्ने तथा सस्थागत, व्यक्तिगत संरक्षक सिफारिस | २५०।०० | २५०।०० | |
| २२ | संरक्षक प्रमाणित गर्ने तथा सस्थागत, व्यक्तिगत संरक्षक सिफारिस | १५०।०० | १५०।०० | |
| २३ | हकवाला वा हकदार प्रमाणित गर्ने | १५०।०० | १५०।०० | |
| २४ | नामसारी गर्ने सिफारिस गर्ने | २५०।०० | २५०।०० | |
| २५ | जग्गा हक सम्बन्धमा सिफारिस गर्ने | २५०।०० | २५०।०० | |
| २६ | मृतक संग नाता प्रमाणित तथा सर्जमीन मुचुल्का गर्ने | २५०।०० | २५०।०० | |
| २७ | विविध प्रकारका सिफारिस | १००।०० | १००।०० | |
| २८ | चार किल्ला प्रमाणित | ५००।०० | ५००।०० | |
| २९ | **आम्दानी प्रमाणित (अंग्रेजीमा)** | | | |
| क) | रु १० लाख सम्म | १०००।०० | १०००।०० | |
| ख) | रु १० लाख भन्दा माथि प्रति लाखमा (१ लाख) रु ३०० थप गरिने | १०००।००+ | १०००।००+ | |
| ३० | **आम्दानी प्रमाणित (नेपालीमा)** | | | |
| ११ | स्टल | रु.१०००।- (प्रति दिन) | ५० % थप | |
| १२ | व्याग प्याग | रु.१०००।- (प्रति दिन प्रति गोटा) | ५० % थप | |
| १३ | वाकिङ्ग बेलुन | प्रति दिन रु.१००।- प्रति गोटा | ५० % थप | |
| १४ | पोल व्यानर | प्रति हप्ता प्रति व्यानर रु.२००।- | ५० % थप | |
| १५ | जात्रा मेला खेलकूद विज्ञापन | प्रति हप्ता प्रति वर्गफीट रु.१००।- | ५० % थप | |
| १६ | सटर पेन्टिङ्ग | प्रति वर्ष रु.२०।- प्रति वर्गफिट | ५० % थप | |
| १७ | डिपिएस बोर्ड | प्रति वर्गफीट रु.५०।- | ५० % थप | |
| १८ | लाईट बोर्ड | प्रति वर्गफीट रु.८०।- | ५० % थप | |
| १९ | डिजिटल होर्डिङ्ग बोर्ड | प्रति वर्गफीट रु.१००।- | ५० % थप | |

| | | | | |
|---|---|---|---|---|
| २० | घरको छतमाथि राख्ने टेलिफोन तथा अन्य टावर | १०००० | | |

**संभावनाः** नगर क्षेत्रभित्र केही निजी तथा वहुराष्ट्रिय कम्पनीहरुले विज्ञापनका होडिङ बोर्डहरु राख्ने, घर टहरा तथा पर्खालहरुमा पेण्टिङ गरेको पाइन्छ। यस वापत चालु आ.व.मा जम्मा १० हजार मात्र आम्दानी हुने अनुमान गरिएको तर त्यो कुनै रकम आम्दानी भएको पाईएन । नगर क्षेत्रमा विज्ञापन गर्ने निजी तथा बहुराष्ट्रिय कम्पनीहरुलाई करको दायरामा अनिवार्य रुपमा ल्याउन सके र निर्धारण गरेको दरमा कर असुल्न सके अझ धेरै आय अनुमान हुने देखिन्छ।

**सुधारका पक्षहरुः** चालु आ.व.को लागि निर्धारण गरेको विज्ञापनका दर र दायरामा पुनरावलोक गर्नु पर्ने, प्रभावकारी रुपमा कर उठाउनको लागि विज्ञापनकर्ताहरुसँग समन्वय गर्ने र करको दायरामा ल्याउन पहल गर्नुपर्ने । अभियानको रुपमा विज्ञापनदाताहरुलाई करको दायरामा ल्याउन सके आगामी आ.व.को लागि करिब ५० हजार मात्र आय प्रक्षेपण गर्न सकिन्छ।

## ख. शुल्क

संविधान र स्थानीय सरकार संचालन ऐन अनुसार स्थानीय सरकारले राजश्व अधिकार भित्र विभिन्न शिर्षकमा शुल्क वापत आय संकलन गर्न पाउने छ। शुल्क अन्तर्गतका शिर्षकहरु र आय प्रक्षेपण देहाय अनुसार गरिएको छ।

### १. बहाल विटौरी शुल्क

**संभावनाः** नगर क्षेत्रमा रहेका ऐलानी, पर्ति र सार्वजनिक जग्गामा रहेका घरवस्ती, मन्दिर आसपासमा रहेका अस्थायी टहरामा बहाल विटौरी शुल्क वापत आय संकलन गर्न सकिन्छ। यस शिर्षकमा चालु आ.व.मा कुनै रकम आम्दानी हुने आँकलन गरिएको थिएन। आगामी आ.व.को लागि जम्मा १ लाख अनुमान गरिएको छ।

**आगामी आ.व.को लागि वहाल विटौरी शुल्कको दर देहाय अनुसार सिफासि गरिएको छ**

| | | | |
|---|---|---|---|
| १ | सर्वजनिक स्थानमा बनेका घर सटरहरुको प्रतिसटर, कोठा | प्रतिसटर, को टेण्डर प्रतिस्पर्धाका आधारमा कायम गर्ने | टेण्डर प्रतिस्पर्धाका आधारमा कायम गर्ने |
| २ | घुम्तीहरु मासिक प्रति वर्ग मि. | ५0100 | ५0100 |
| ३ | टहराहरु मासिक प्रति वर्ग मि. | ५0100 | ५0100 |
| ४ | गोदामहरु मासिक प्रति वर्ग मि. | ५0100 | ५0100 |
| ५ | अन्य संरचनाहरु मासिक गाउँपालिकाको निर्णयानुसार | गाउँपालिकाको निर्णयानुसार | गाउँपालिकाको निर्णयानुसार |

**सुधारका पक्षहरुः** गाउँपालिकाको वहाल विटौरी शुल्कमा सुधार ल्याउनको लागि सार्वजनिक जग्गाको उपयोगवाट आम्दानी हुन सक्ने क्षेत्रको पहिचान गर्ने, सार्वजनिक र ऐलानी जग्गामा रहेका परिवारहरुको तथ्यांक यकिन गर्ने, हाटवजारहरुको ठेक्का वन्दोवस्त गर्ने, वहाल विटौरी शुल्कको प्रति वर्ग फिटका दरले हुने गरी मासिक वहाल विटौरी शुल्कको दर आर्थिक ऐनमा समावेश गर्ने, सार्वजनिक जग्गामा संरचना वनाई उपयोग गर्नेसँग वहाल विटौरी शुल्क लिने गरी संझौता गर्नुपर्ने सुधारका क्षेत्रहरु प्रमुख रहेका छन्।

### २. पार्किङ शुल्क

गाउँपालिका क्षेत्रमा आफ्नै बसपार्क रहेको पाइदैन। बजार क्षेत्रमा रहेका पार्किङ क्षेत्रलाई सशुल्क बनाउने संभावना पनि कम रहेको छ। यस शिर्षकबाट चालु आ.व.मा कुनै रकम आम्दानी पनि भएको देखिदैन।आगामी आ.व.को लागि यस शिर्षकमा कुनै रकम आम्दानी हुने अनुमान गरिएको छैन।

**पार्किङ शुल्कको दर**

| क्र.स. | विवरण | शूल्क रकम रु. |
| --- | --- | --- |
| १ | बस, मिनी बस, ट्रक र ट्रेक्टर (प्रति दिन) | ३० |
| २ | साना सवारी साधनहरु (प्रति दिन) | २० |
| ३ | २ पाङग्रे सवारी साधन | ५ |

**३. अन्य शुल्क**

माथी उल्लेखित बाहेकका तर पहिचान नभईसकेका क्षेत्रहरुबाट शुल्क वापत करिब ५० हजार आय हुने अनुमान गरिएको छ ।

**ग. सेवा शुल्क**

यस शिर्षकबाट देहाय बमोजिमका क्षेत्रबाट सेवा शुल्क वापत देहाय बमोजिमको आय संकलन हुने अनुमान गरिएको छ ।

**१. स्थानीय पूर्वाधार उपयोग सेवा शुल्क**

स्थानीय पूर्वाधार उपयोग सेवा शुल्क अन्तर्गत गाउँपालिकाले निर्माण गरेका सडकहरु प्रयोग गरेवापत सवारी धनीहरुबाट निश्चित शुल्क संकलन गर्दै आईरहेको छ । आगामी आ.व.को देहाय बमोजिमका सडकहरुमा पूर्वाधार उपयोग सेवा शुल्क लगाईने छ । शुल्कको दर देहाय बमोजिम निर्धारण गरिएको छ ।

**सडक पूर्वाधार शुल्क संकलनको लागि न्यूनतम दर**

| क्र.सं. | सवारी साधनको किसिम | शुल्क | कैफियत |
| --- | --- | --- | --- |
| १ | बस, ट्रक | १००।०० | |
| २ | ट्याक्टर ठूलो ४० हर्षपावर भन्दा बढी | १००।०० | |
| ३ | मिनी बस, ट्रक, जिप | ६०।०० | |
| ४ | टेक्टरठूलो ४० हर्षपावर भन्दा घटी | ५०।०० | |
| ५ | निजी कार, भाडा कार | ५०।०० | |
| ६ | मोटरसाइकल स्कुटर | २०।०० | |
| ७ | विदेशी बस, ट्रक | २००।०० | |
| ८ | विदेशी मिनी बस, ट्रक, जिप | १५०।०० | |
| ९ | विदेशी कार र ट्याक्सी | १५०।०० | |

**सडक अनुसार न्यूनतम ठेक्का अङ्क**

| सि.नं. | शुल्क लगाईएका सडकको विवरण | न्यूनतम ठेक्का अङ्क |
| --- | --- | --- |
| | | |
| | | |
| | | |
| | | |

| सि.नं. | शुल्क लगाईएका सडकको विवरण | न्यूनतम ठेक्का अङ्क |
|---|---|---|
| | | |
| | | |

गाउँपालिका आफैले निर्माण गरेका सडकहरुमा सवारी साधन प्रवेश गर्न पटके कर लिन नपाउने व्यवस्था रहेकोले पूर्वाधार उपयोग करको रुपमा लिन सकिनेछ। त्यसैगरी गाउँपालिकाबाट निर्मित अन्य पूर्वाधार उपयोग गरे वापत शुल्क लिन सकिन्छ। यस शिर्षकबाट करिब २ लाख आय प्रक्षेपण गरिएको छ।

**सुधारका पक्षहरुः** सवारी धनीहरुलाई सवारी करको बारेमा अभिमुखीकरण गर्ने र सवारी सधान दर्ता तथा नविकरण गर्ने छिटो र भरपर्दो अभियान संचालन गर्ने । पूर्वाधार उपयोग कर संकलनको लागि गाउँपालिका आफैले निर्माण गरेका सडकहरुको अभिलेख गर्ने, न्यूनतम कर रकम निर्धारण गरी आ.व. शुरु हुनु अगावै ठेक्का बन्दोवस्त गरिसक्नु पर्दछ।

**२. अचल सम्पती वा अन्य कुनै विषयको मूल्याङ्कन सेवा शुल्क**

गाउँपालिकाले नियमित रुपमा गर्ने अचल सम्पती वा अन्य कुनै विषयको मूल्याङ्कन सेवा शुल्क वापत आगामी आ.व.मा २ लाख आम्दानीको अपेक्षा गरिएको छ।

## घ. दस्तुर

### १. दर्ता, अनुमति, सिफारिस तथा प्रमाणित दस्तुर :

गाउँपालिकालाई दर्ता, अनुमती, सिफारिस तथा प्रमाणित दस्तुर वापत कर असुल गर्ने अधिकार प्राप्त भएको छ । गाउँपालिकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐन मार्फत निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा बाँडफाँट दैनिक रुपमा संकलन गरिआएको छ ।आर्थिक ऐनले सिफारिश तथा प्रमाणितको दर न्यूनतम रु १०० देखि २०००० सम्म निर्धारण गरेको छ र यसबाट हुने शिर्षकगत आय चालू आर्थिक वर्षमा यस शिर्षकमा रु. १० लाख अनुमान गरिएको थियो । गाउँपालिकाले नगर कार्यपालिका तथा वडा कार्यालयहरुवाट यस्तो दस्तुर संकलन गरिआएको छ। वडावाट संकलित सिफारिश तथा प्रमाणित दस्तुरवाट संकलित रकम राजश्व सफ्टवेयर मार्फत इन्ट्रि गरी नगद बैकमा जम्मा गर्ने प्रणाली स्थापित गरिएको छ। यसका अतिरिक्त गाउँपालिकावाट हुने सम्पुर्ण सिफारिशहरुवाट सिफारिश वा प्रमाणित दस्तुर संकलन हुन नसकेको संभावनालाई पनि औल्याईएको छ।

आगामी आर्थिक वर्षको लागि गाउँपालिकाले यस्ता दस्तुरहरुमा समयानुकल परिमार्जित गर्न आवश्यक छ। चालु आर्थिक वर्षमा निर्धारण गरिएको सेवा शुल्क तथा दस्तुरको आधारमा आगामी आ.व.को लागि देहाय अनुसारका दर निर्धारण गर्न सिफारिस गरिन्छ।

**कार्यालयबाट दैनिक संकलन हुने सेवा शुल्क तथा दस्तुरको शिर्षकगत दर**

| सि.न. | विवरण | आ.ब. ०७५/०७६ को दर | आ.ब २०७५/०७६ को लागि प्रस्तावित | कैफियत |
|---|---|---|---|---|
| | **सिफारिस** | | | |
| १ | नाता प्रमाणित | | | |
| २ | नेपालीमा | १००।०० | १००।०० | |
| ३ | अंग्रेजीमा | ५००।०० | ५००।०० | |
| द | **नागरिकता सिफारिस** | | | |
| १ | वंशज नागरिकताको सिफारिश | १००।०० | १००।०० | |
| २ | बैवाहिक अंगिकृत नागरिकताको सिफारिश | ५००।०० | ५००।०० | |

| सि.न. | विवरण | आ.ब. ०७५/०७६ को दर | आ.ब २०७५/०७६ को लागि प्रस्तावित | कैफियत |
|---|---|---|---|---|
| ३ | प्रतिलिपि नागरिकता सिफारिश | १००।०० | १००।०० | |
| ४ | राहदानी सिफाशि | १००।०० | १००।०० | |
| ५ | बहाल करको लेखाजोखा सिफारिस | १५०।०० | १५०।०० | |
| ६ | मोहि लगत कट्टाको सिफरिस | १५०।०० | १५०।०० | |
| ७ | घरजग्गा करको लेखाजोखा सिफरिस | २५०।०० | २५०।०० | |
| ८ | जन्ममिति प्रमाणित गर्ने | २५०।०० | २५०।०० | |
| ९ | व्यापार व्यवसाय बन्द भएको सञ्चालन नभएको वा हुँदै नभएको सिफारिस गर्ने | २५०।०० | २५०।०० | |
| १० | मिलापत्रको कागज गराउने निवेदन दर्तागर्न सिफारिश गर्ने | २५०।०० | २५०।०० | |
| ११ | विवाहित वा अविवाहित प्रमाणित गर्ने | २००।०० | ३००।०० | |
| १२ | निशुल्क वा सशुल्क स्वास्थ्य उपचारको सिफारिस | | | |
| १३ | अंग्रेजी माध्यममा सिफारिस तथा प्रमाणित | ५००।०० | ५००।०० | |
| १४ | घर, बाटो प्रमाणित गर्ने | २००।०० | २००।०० | |
| १५ | व्यक्तिगत विवरण प्रमाणित गर्ने | २००।०० | २००।०० | |
| १६ | पुर्जामा घर कायम गर्ने सिफारिस | १५०।०० | २००।०० | |
| १७ | फरक–फरक नाम थर जन्ममिति तथा प्रमाणित दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस गर्ने | २५०।०० | २५०।०० | |
| १८ | नामथर जन्ममिति संशोधनको सिफारिस | ५००।०० | ५००।०० | |
| १९ | जग्गाधनी पुर्जा हराएको सिफारिस | १५०।०० | २००।०० | |
| २० | कागज र मन्जुरीनामा प्रमाणित गर्ने | १५०।०० | १५०।०० | |
| २१ | कित्ताकाट गर्ने सिफारिस गर्ने संरक्षक प्रमाणित गर्ने तथा सस्थागत, व्यक्तिगत संरक्षक सिफारिस | २५०।०० | २५०।०० | |
| २२ | संरक्षक प्रमाणित गर्ने तथा सस्थागत, व्यक्तिगत संरक्षक सिफारिस | १५०।०० | १५०।०० | |
| २३ | हकवाला वा हकदार प्रमाणित गर्ने | १५०।०० | १५०।०० | |
| २४ | नामसारी गर्ने सिफारिस गर्ने | २५०।०० | २५०।०० | |
| २५ | जग्गा हक सम्बन्धमा सिफारिस गर्ने | २५०।०० | २५०।०० | |
| २६ | मृतक संग नाता प्रमाणित तथा सर्जमीन मुचुल्का गर्ने | २५०।०० | २५०।०० | |
| २७ | विविध प्रकारका सिफारिस | १००।०० | १००।०० | |
| २८ | चार किल्ला प्रमाणित | ५००।०० | ५००।०० | |
| २९ | **आम्दानी प्रमाणित (अंग्रेजीमा)** | | | |

| सि.न. | विवरण | आ.ब. ०७५/०७६ को दर | आ.ब २०७५/०७६ को लागि प्रस्तावित | कैफियत |
|---|---|---|---|---|
| क) | रु १० लाख सम्म | १०००।०० | १०००।०० | |
| ख) | रु १० लाख भन्दा माथि प्रति लाखमा (१ लाख) रु ३०० थप गरिने | १०००।००+ | १०००।०० | |
| ३० | **आम्दानी प्रमाणित (नेपालीमा)** | | | |
| क) | रु १० लाख सम्म | २५०।०० | ३००।०० | |
| ख) | रु १लाख देखी ६ लाख सम्म | ३५०।०० | ४००।०० | |
| ग) | रु ६लाख भन्दा माथि | ५००।०० | ५००।०० | |
| ३१ | उद्योग दर्ता सिफारिस | | | |
| क) | साना उद्योग | ५००।०० | ५००।०० | |
| ख) | मझौला उद्योग | ७५०।०० | ७५०।०० | |
| ग) | ठुला अद्योग | १०००।०० | १०००।०० | |
| ३२ | उद्योग ठाउँसारी गर्न सिफारिस | ५००।०० | ५००।०० | |
| ३३ | जीवित रहेको सिफारिस गर्ने | १५०।०० | १५०।०० | |
| ३४ | पूर्व प्राथमिक विद्यालय खोल्न सिफारिस र अनुमति दिने | ५००।०० | ५००।०० | |
| ३५ | **जग्गा (धितो) मुल्याङ्कन (अंग्रेजी/नेपाली) सिफारिश मुल्याङ्कन गर्ने** | | | |
| क) | रु १० (दश) लाख सम्म | १०००।०० | १०००।०० | |
| ख) | रु २० (बीस) लाख सम्म | १८००।०० | १८००।०० | |
| ग) | रु २० (बीस) लाख देखी ५० (पचास) लाख सम्म | ३५००।०० | ३५००।०० | |
| घ) | रु ५०(पचास) लाख देखी १ (करोड) सम्म | ४०००।०० | ४०००।०० | |
| ङ) | रु१ (करोड) भन्दा माथि | ५०००।०० | ५०००।०० | |
| ३६ | **विद्यालयको कक्षा थप गर्ने सिफारिश गर्ने** | | | |
| क | सामुदायिक वा सरकारी | | | |
| | क) बाल विकास केन्द्र सञ्चालन अनुमती | १००।०० | १००।०० | |
| | ख)आधारभुत विद्यालय | २००।०० | २००।०० | |
| | ग) मा.वि | ५००।०० | ५००।०० | |
| | घ) स्नातक/स्नातकोत्तर | १०००।०० | १०००।०० | |
| ख | **निजि** | | | |
| | क) बाल विकास केन्द्र सञ्चालन अनुमती | ५००।०० | ५००।०० | |
| | ख)आधारभुत विद्यालय | १०००।०० | १०००।०० | |
| | ग) मा.वि | १५००।०० | १५००।०० | |
| | घ) स्नातक/स्नातकोत्तर | २०००।०० | २०००।०० | |
| ३७ | **नयाँ विद्यालय खोल्ने अनुमतिको सिफारिश गर्ने** | | | |
| **क)** | **सामूदायिक** | | | |

| सि.न. | विवरण | आ.ब. ०७५/०७६ को दर | आ.ब २०७५/०७६ को लागि प्रस्तावित | कैफियत |
|---|---|---|---|---|
| | क) बाल विकाश केन्द्र सञ्चालन अनुमती | ५००।०० | ५००।०० | |
| | ख)आधारभुत विद्यालय | १५००।०० | १५००।०० | |
| | ग) मा.वि | २५००।०० | २५००।०० | |
| | घ) स्नातक/स्नातकोत्तर | ३५००।०० | ३५००।०० | |
| **ख)** | **निजी** | | | |
| | क) बाल विकाश केन्द्र सञ्चालन अनुमती | ७५००।०० | ७५००।०० | |
| | ख)आधारभुत विद्यालय | ७५००।०० | ७५००।०० | |
| | ग) मा.वि. | ७५००।०० | ७५००।०० | |
| | घ) स्नातक/स्नातकोत्तर | ७५००।०० | ७५००।०० | |
| ३८ | कोचिङ्ग सेन्टर खोल्ने सिफारिस | ३०००।०० | ३०००।०० | |
| ३९ | कम्प्युटर इन्स्टिच्युट खोल्ने सिफारिस | ३०००।०० | ३०००।०० | |
| ४० | प्राविधिक शिक्षालय खोल्न सिफरिस | ५०००।०० | ५०००।०० | |
| ४१ | छुट जग्गा दर्ता सिफारिस ५ रोपनी सम्म | १०००।०० | १०००।०० | |
| ४२ | छुट जग्गा दर्ता सिफारिस ५ रोपनी भन्दा माथि | १८००।०० | १८००।०० | |
| ४३ | पालन पोषणको लागी सिफारिस गर्ने | निशुल्क | निशुल्क | |
| ४४ | **आर्थिक अवस्थाको सिफारिस गर्ने** | | | |
| क) | विपन्नताको सिफारिस | १००।०० | १००।०० | |
| ख) | सम्पन्नताको सिफारिस | ५००।०० | ५००।०० | |
| ४५ | विद्यालय ठाउँसारि सिफारिस गर्ने | १०००।०० | १०००।०० | |
| ४६ | टेलिफोन, धारा तथा विद्युत जडानको सिफारिस | | | |
| क) | आर. सी.सी. पक्की घर | ३००।०० | ३००।०० | |
| ख) | अन्य घर | २००।०० | २००।०० | |
| ४७ | काठ दाउराको सिफारिस | काठ ५००।००कुकाठ३००।०० | काठ ५००।००कुकाठ३००।०० | |
| ४८ | सर्जमिन मुचुल्का गरेको शुल्क | ३००।०० | ३००।०० | |
| ४९ | घर, पसल, बन्द कोठा खुलाउने मुचुल्का | १५००।०० | १५००।०० | |
| ५० | चरित्रिक सिफारिस | २५०।०० | २५०।०० | |
| ५१ | भवन निर्माणको साधारण स्वीकृति सम्बन्धी सिफारिस | ३००।०० | ३००।०० | |
| ५२ | छात्रवृत्ति सम्बन्धि सिफारिस | १००।०० | १००।०० | |
| ५३ | पेन्शन मिलान सिफारिस | २५०।०० | २५०।०० | |
| ५४ | संस्था दर्ता सिफारिस | ५००।०० | ५००।०० | |
| ५५ | जातिय पहिचान सिफारिस | २००।०० | २००।०० | |
| ५६ | प्रचलित कानून अनुसार प्रत्यायोजित अधिकार बमोजिम अन्य सिफारिस गर्ते | १५०।०० | १५०।०० | |

| सि.न. | विवरण | आ.ब. ०७५/०७६ को दर | आ.ब २०७५/०७६ को लागि प्रस्तावित | कैफियत |
|---|---|---|---|---|
| ध | **अन्य दस्तुर** | | | |
| १ | निवेदन फारम दस्तुर | २०।०० | २०।०० | |
| २ | अनुसूचि फारम | २०।०० | २०।०० | |
| ३ | निवेदन दर्ता शुल्क | १०।०० | १०।०० | |
| ४ | जन्म र सम्बन्ध विच्छेद विलम्ब दस्तुर | २००।०० | २००।०० | |
| ५ | मृत्यू दर्ता विलम्ब शूल्क | १००।०० | १००।०० | |
| ६ | विवाह दर्ता शूल्क | ५००।०० | ५००।०० | |
| ७ | क) बसाईसराई  कालीगण्डकी गा.पा.बाहिर जाने | ५०००।०० | ५०००।०० | |
| ८ | ख) गाउँपालिका भित्र | २००।०० | २००।०० | |
| ९ | कोटेशन फारम शुल्क | आर्थिक नियमावलीअनुसार | आर्थिक नियमावलीअनुसार | |
| १० | टेन्डर फारम शूल्क | आर्थिक नियमावलीअनुसार | आर्थिक नियमावलीअनुसार | |
| न) | **निवेदन नक्कल प्रति पाना** | | | |
| क) | कार्यालयको तर्फबाट गर्नु परेमा | **१० प्रतिपाना** | **१० प्रतिपाना** | |
| ख) | आफैले गरी लगेमा | **५ प्रतिपाना** | **५ प्रतिपाना** | |
| ११ | भरुवा बन्दुक नविकरण दस्तुर | **५०००।००** | **५०००।००** | |
| १२ | घर निर्माण नक्साको नक्कल दस्तुर | **१५०।००** | **१५०।००** | |

**संभावना:**गाउँपालिकालाई दर्ता, अनुमती, सिफारिस तथा प्रमाणित दस्तुर वापत सेवा शुल्क तथा दस्तुर असुल गर्ने अधिकार प्राप्त भएको छ । गाउँपालिकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐन मार्फत निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडावाट दैनिक रुपमा संकलन गरिआएको छ ।आर्थिक ऐनले सिफारिश तथा प्रमाणितको दर न्यूनतम रु १०० देखि ७५०० सम्म निर्धारण गरेको छ र यसवाट हुने शिर्षकगत आय चालू आर्थिक वर्षमा यस शिर्षकमा रु. ५० हजार अनुमान गरिएको थियो । तर यो अत्यन्त न्यून रकम हो । वडा तथा पालिकाबाट गर्ने सिफारिसहरु प्रशस्तै हुने भएकोले आगामी आ.व.को लागि सबै प्रकारका शुल्क र दस्तुरका दरहरु समयानुकुल पुनरावलोकन गरी प्रभावकारी असुल गर्न सके १० लाख आय प्रक्षेपण गर्न सकिन्छ ।

**सुधारका पक्षहरु:** गाउँपालिकाको दर्ता, अनुमति दस्तुरमा सुधार ल्याउनको लागि गाउँपालिकाको आर्थिक ऐनमा दर्ता तथा अनुमति दस्तुरको दर निर्धारण गर्ने, नयाँ ब्यवसाय वा कारोवार संचालन गर्नुपूर्व दर्ता तथा अनुमति प्रमाणपत्र अनिवार्य गर्ने र अनुमति नलिई संचालनमा रहेका ब्यवसायलाई नियमित गर्न दण्ड जरिवानाको ब्यवस्था गर्ने कार्यलाई अघि वढाउनु पर्दछ । त्यसैगरी गाउँपालिकाको सिफारिश तथा प्रमाणित दस्तुरमा सुधार ल्याउनको लागि सिफारिश वा प्रमाणित गर्नु पुर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने र दस्तुर नबुझाएसम्म सम्वन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने, वडावाट संकलित दस्तुरहरु शिर्षक सहितको विवरण तयार गर्ने, संकलित रकम बैक दाखिला सम्वन्धी ब्यवस्थालाई ब्यवस्थित गर्ने आदि कार्यहरुलाई अघि वढाउनु पर्दछ ।

## ङ. वस्तु तथा सेवा बिक्री दस्तुर

## १. सामुदायिक वनबाट आय

स्थानीय सरकार संचालन ऐनको दफा ६२ (ख) को उदफा १ ले सामुदायिक वन उपभोक्ता समितिले बल पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा गाउँपालिकाबाट स्वीकृत गराउनु पर्नेछ भन्ने व्यवस्था गरेको छ। यसैगरी सोही दफाको उपदफा (२) ले उपदफा (१) बमोजिम वन पैदावारको बिक्री बापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्न पर्नेछ भन्ने व्यवस्था गरेको छ।

यसरी हेर्दा कालीगण्डकी गाउँपालिकाको आन्तरिक आयको रुपमा सामुदायिक वनको आय पनि हुने देखिन्छ । गाउँपालिका भित्र करिब ......... भन्दा बढी सामुदायिक वन उपभोक्ता समितिहरु रहेका छन् । प्रारम्भिक अनुमान अनुसार ति सामुदायिक वनहरुको औषत वार्षिक आम्दानी ........... लाख रहेको छ। यसरी हेर्दा .... वटा सामुदायिक वनको वार्षिक आम्दानी करिब .... आम्दानी रहने छ । ऐनको प्रावधान अनुसार १० प्रतिशत रकम सम्बन्धित गाउँपालिकाको सर्व सञ्चित कोषमा जम्मा गर्नुपर्ने भएकोले आगामी आ.व.को लागि करिब २ लाख गाउँपालिकाको आय हुने देखिन्छ।

## २. ढुङ्गा, गिटी, वालुवा बिक्री तथा निकासी

स्थानीय सरकारलाई प्राप्त राजश्व अधिकार मध्ये राजश्व बाँडफाँटबाट प्राप्त आय पनि हो। संविधान र कानुनले तीन तहकै सरकारबीच राजश्व बाँडफाँट गर्नुपर्ने व्यवस्था गरेको छ। जस अनुसार नदीजन्य पदार्थ ढुङ्गा, गिटी, वालुवा बिक्री तथा निकासी बापतको शुल्क सम्बन्धित स्थानीय तहले संकलन गर्ने र सोको ६० प्रतिशत आफुले राखी बाँकी ४० प्रतिशत सम्बन्धित प्रदेश सरकारलाई दिनु पर्ने प्रावधान रहेको छ। कालीगण्डकीनदीतटमा रहेको यस गाउँपालिकामा नदीजन्य पदार्थको बिक्री तथा निकासी गरी आय आर्जन गर्ने प्रशस्त सम्भावना रहेको छ। गाउँपालिकाले चालु आ.व.मा उक्त शिर्षकबाट कति आय अनुमान गरिएको थियो भन्ने जानकारी पाउन सकिएन । नदीजन्य पदार्थ उत्खनन्, बिक्री तथा निकासीको लागि प्रारम्भिक वातावरणीय मूल्याङ्कन (IEE)गरिसकिएको छ। सोही बमोजिमको परिमाणमा सामाग्री बिक्री तथा निकासी गर्न ठेक्का बन्दोबस्त गर्नुपर्ने हुन्छ । चालु आ.व.मा ठेक्का बन्दोबस्त भएको आधारमा सोही रकमलाई न्यूनतम अंक मानी ठेक्का लगाउँदा पनि आगामी आ.व.को लागि करिब १० लाख आम्दानी हुने देखिन्छ। सो रकम गाउँपालिकाको विभाज्य कोषमा जम्मा गर्नुपर्ने हुन्छ जहाँबाट २ प्रतिशत सम्बन्धित जिल्ला समन्वय समितिमा र बाँकी रकमलाई १०० प्रतिशत मानी सम्बन्धित प्रदेश सरकारलाई ४० प्रतिशत र गाउँपालिकामा ६० प्रतिशत रहने कानुनी प्रबन्ध रहेकोले यस शिर्षकबाट गाउँपालिकालाई करिब ५ लाख ८८ हजार आम्दानी हुने देखिन्छ।

## च. जरिवाना तथा छुट सम्बन्धी व्यवस्था

गाउँपालिकाको प्रशासनिक दण्ड, जरिवाना र जफत सम्बन्धी कुनै दररेट निर्धारण गरेको छैन । यस शिर्षकमा चालु आ.व.को लागि कुनै आम्दानी हुने अपेक्षा गरिएको पनि छैन । तर आगामी आ.व.को लागि देहाय बमोजिमको दण्ड, जरिवाना तथा जफत सम्बन्धी दर निर्धारण गरिएको छ।

| **जरिवाना दस्तुर** | |
|---|---|
| गिट्टी, ढुङ्गा, वालुवा अवैध उत्खनन् गरेमा प्रति ट्रयाक्टर | १०००० |
| गिट्टी, ढुङ्गा, वालुवा अवैध उत्खनन् गरेमा प्रति ट्रिपर | २०००० |
| स्काभेटर र जेसिभि प्रयोग गरी गिट्टी, ढुङ्गा, वालुवा अवैध उत्खनन् गरेमा | ५०००० |
| अवैध रुख कटान गरेमा प्रति रुख | १००० |
| तोकिएको कर तथा शुल्क तोकिएको समयमा नबुझाएमा | शुल्कको ५ प्रतिशत |
| नक्शा पास नगरी निर्माण सम्पन्न संरचनाको अभिलेख प्रमाणित गर्दा ५० प्रतिशत दण्ड जरिवाना लाग्नेछ।<br>यो कानुन जारी भए पश्चात बन्ने संरचनाको हकमा लागु हुनेछ।<br>एक व्यक्तिबाट अर्को व्यक्तिमा नक्शा नामसारी गर्नुपरेमा नक्शा पास दस्तुरको २० प्रतिशत लाग्नेछ। | |

| | |
|---|---|
| जन्मदर्ता शुल्कः ३५ दिन भित्र निशुल्क, विलम्ब शुल्क रु ५० | |
| मृत्यु दर्ता शुल्कः ३५ दिन भित्र निशुल्क, विलम्ब शुल्क रु ५० | |
| विवाह दर्ता शुल्कः ३५ दिन भित्र निशुल्क, विलम्ब शुल्क रु ५० | |
| बसाईसराईः ३५ दिन भित्र निशुल्क, विलम्ब शुल्क रु ५० | |
| सम्बन्ध विच्छेद सिफारि शुल्कः ३५ दिन भित्र निशुल्क, विलम्ब शुल्क रु ५० | |

गाउँपालिकाको प्रशासनिक दण्ड, जरिवाना र जफत शिर्षक अन्तर्गत चालु आ.व.को लागि कुनै आम्दानी हुने अपेक्षा गरिएको छैन र हालसम्म आम्दानी पनि भएको छैन ।

# परिच्छेदः छ

# आगामी आर्थिक बर्षको लागि आय प्रक्षेपण

यस परिच्छेदमा गाउँपालिकाको राजश्व अधिकार, हालको आय संकलन अवस्था तथा राजश्व सुधार कार्ययोजना कार्यान्वयन पश्चात आय संकलनमा पार्ने प्रभाव समेतलाई मध्ये नजर गर्दै आगामी आर्थिक वर्षको आय प्रक्षेपण गरिएको छ । आय प्रक्षेपणकोलागि महालेखा परिक्षकले स्वीकृत गरेको एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४को आधारमा गरिएको छ । यसले गाउँपालिकाको आय वजेट तर्जुमागर्न सहयोग पुग्ने छ ।

## ७.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण

राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात आगामी आ.व. २०७६।७७ को लागि आय प्रक्षेपण गरिएको छ । यो आय अनुमान गर्दा राजश्व सुधार योजनामा प्रस्ताव गरिएका क्रियाकलापहरुको आधारमा तयार गरिएको छ । धेरैजसो शिर्षकहरुमा आय प्रक्षेपण गर्दा प्राप्त तथ्यांकलाई आधार मानिएको छ भने भविश्यमा आएका आधारको दायरा बढ्न गई सोवाट हुने योगदानलाई समेत मध्यनजर गरिएको छ । गाउँपालिकाले यस प्रक्षेपणलाई भविश्यमा वार्षिक बजेट अनुमानको क्रममा मार्गदर्शनकोरूपमा लिन सक्दछ ।

गाउँपालिकाको आय प्रक्षेपणकोलागि शिर्षकगत रुपमा आधार अनुमान गरी सो को आधारमा प्रक्षेपण गरिएको छ । आय प्रक्षेपणकोलागि नेपाल सरकारवाट प्राप्त हुने अनुदान तथा राजश्व बाँडफाँटको रकम नेपाल सरकारले उपलब्ध गराएको सूचनाको आधारमा लिईएको छ । केन्द्रवाट प्राप्त हुने राजश्व बाँडफाँटको रकमको स्रोत स्पष्ट नभएकोले मूल्य अभिबृद्धि कर र अन्तशुल्क तर्फ मात्र समावेश गरिएको छ ।

प्रदेश सरकारवाट प्राप्त हुने अनुदानको रकम एकीन नभएकोले समावेश गरिएको छैन । त्यसैगरी स्थानीय तह र प्रदेश तहमा रहेका दोहोरो अधिकार क्षेत्रमा परेका राजश्व शिर्षकहरुवाट प्राप्त हुने आय अनुमानको लागि हालसम्म कुनै आधार प्राप्त नभएकोले अनुमानमा समावेश छैन ।

**राजस्व सुधार कार्ययोजनाका आधारमा आय प्रक्षेपणका आधारहरु**

| क्र.सं. | राजश्व शिर्षक | कुल सम्भाब्यता (रु. हजारमा) | आय प्रक्षेपणका आधारहरु |
|---|---|---|---|
| **क** | **कर** | | |
| १ | सम्पत्ति कर (घर र सोले चर्चेको प्लेन्थ एरिया जग्गामा) | ५६० | नगरपालिकाले आ.ब. २०७५।७६ देखि सम्पत्ति कर लागु गरेकोमा कर शिक्षा संचालन गर्ने तथा नागरिकमा व्यापक प्रचार प्रसार गर्न सके चालु आ.व.मा लक्ष्य प्राप्त हुन नसके पनि अब उठ्न सक्ने देखिन्छ । |
| २ | भूमि कर (मालपोत) | ४०० | |
| ३ | घर जग्गा बहाल कर | २०० | |
| ४ | व्यवसाय करः पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा | ७०० | सबै व्यवसायलाई दर्ताको लागि अभियान संचालन गर्न सकिने । व्यवसायको प्रकृति र लगानी गरेको पूँजीको आधारमा कर संकलन गर्न सके सजिलै लक्ष्य प्राप्त हुनेछ । |
| ५ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | १० | इरिक्सा, अटोसरक्सा र ठेलागाडा जस्ता सवारी साधन दर्ता तथा वार्षिक शुल्क मात्र असुल गर्न सकिने |

| क्र.सं. | राजश्व शिर्षक | कुल सम्भाब्यता (रु. हजारमा) | आय प्रक्षेपणका आधारहरु |
|---|---|---|---|
| ६ | जडिबुटी, कवाडी र जीवजन्तु कर: आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको ब्यवसायिक उपयोग गरे बापत | २०० | कवाडी माल तथा जडिबुटी बापत |
| ७ | मनोरञ्जन कर | ५० | मनोरञ्जनका माध्यमलाई करको दायरामा ल्याउन सकिन्छ । |
| ८ | विज्ञापन कर | ५० | सबै विज्ञापनदातालाई करको दायरामा ल्याउन अभियान संकलन गर्न सकेमा लक्ष्य प्राप्त गर्न सकिनेछ । |
| ९ | अन्य कर | ५० | माथी उल्लेखित बाहेक कर शिर्षमका हुन सक्ने अन्य आय |
| | **कर अन्तर्गत जम्मा** | **२२२०** | |
| **ख** | **शुल्क** | | |
| १ | बहाल बिटौरी शुल्क | १०० | हाटवजार र सार्वजनिक जग्गाको वहाल विटौरी शुल्कलाई प्रभावकारी रुपमा करको दायरामा ल्याउनु पर्ने । |
| २ | पार्किङ् शुल्क | ० | यस क्षेत्रमा पार्किङ शुल्क लगाउने सम्भावना नरहेको |
| ३ | अन्य शुल्क | ५० | |
| | **शुल्क अन्तर्गत जम्मा** | **१५०** | |
| **ग** | **सेवा शुल्क** | | |
| १ | केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्वन्धी सेवा वा ब्यवसायमा | ० | यस शिर्षकमा करको सम्भावना नरहेको |
| २ | स्थानीय पुर्वाधार उपयोग सेवा शुल्क | २०० | अनुमान |
| ३ | अचल सम्पती वा अन्य कुनै विषयको मूल्याङ्कन सेवा शुल्क | २०० | |
| ४ | अन्य सेवा शुल्क | ५० | |
| | **सेवा शुल्क अन्तर्गत जम्मा** | **४५०** | |
| **घ** | **दस्तुर** | | |
| १ | दर्ता, अनुमति, नवीकरण, सिफारिस दस्तुर | १००० | वडा तथा नगरपालिका तहबाट हुने सबै प्रकारका दर्ता, अनुमति, नविकरण, सिफारिस बापत असुल हुने दस्तुरको आंकलन |
| २ | नक्सा पास दस्तुर | ० | नक्शा पासको लागि निर्धारण गरिएको दर र पास हुने नक्शा संख्याको आधारमा निर्धारण गरिएको |
| ५ | अन्य दस्तुर | १०० | अनुमान |
| | **दस्तुर अन्तर्गत जम्मा** | **११००** | |
| **ङ** | **विक्री** | | |
| १ | वस्तु तथा सेवा विक्री | ० | |

| क्र.सं. | राजश्व शिर्षक | कुल सम्भाब्यता (रु. हजारमा) | आय प्रक्षेपणका आधारहरु |
|---|---|---|---|
| २ | सामुदायिक वनबाट आय | २०० | स्थानीय सरकार संचालन ऐनको संशोधित प्रावधान अनुसार सामदायिक वनको कुल वार्षिक आयको १० प्रतिशत रकम स्थानीय सरकारमा जम्मा गर्नुपर्ने प्रावधान अनुसार |
| ३ | बाँस निकासीबाबट आष | ० | |
| ४ | ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बिक्री तथा निकासी | ५८८ | राजश्व बाँडफाँट मध्य नगरपालिकामा रहने ६० प्रतिशतको मात्र आय अनुमान |
| | **बिक्री अन्तर्गत जम्मा** | **७८८** | |
| | **क + ख + ग + घ + ङ को जम्मा अनुमान** | **४९०८** | |

# परिच्छेदः ७

# राजश्व सुधार कार्ययोजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट तयार पारिएको गाउँपालिकाको राजश्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । यस कार्ययोजनालाई गाउँपालिकाले आफ्नो विधायीकी निकायबाट स्वीकृत गरी कार्यान्वयनमाल्याउने विश्वास लिईएको छ ।

## ६.१ गाउँपालिकाको राजश्व सुधार कार्ययोजना

गाउँपालिकाको राजश्व सुधार कार्ययोजनाको चरणमा गाउँपालिकाको आयोजनामा परामर्शदाताहरुको सहजीकरणमा कार्यपालिकाको सदस्यहरु, कर्मचारीहरु तथा सम्बद्ध व्यक्तिहरुको सहभागितामा राजश्व सुधारका लागि अवलम्बन गर्नुपर्ने कार्ययोजनाकोविषयमा छलफल भएको थियो । संकलित अन्य सूचना तथा विश्लेषणबाट आएका नतिजाहरुलाई समेत समावेश गरी गाउँपालिकाको राजश्व सुधार कार्ययोजनाको मस्यौदा तयार गरिएको छ । यस कार्ययोजनाका कृयाकलापहरुलाई बृहत रुपमा निम्नानुसारतिनवटा शिर्षकमा विभाजन गरिएको छ :

क. कर राजश्व सुधार योजना

ख. गैर कर राजश्व सुधार योजना

ग. राजश्व प्रशासनमा सुधार

**तालिका३: राजश्व सुधार कार्ययोजना**

क. कर राजस्व सुधार योजना

| क.स | सुधारका लागि गर्नुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १ | **सम्पती कर** | | |
| | चालु आ.व. देखि लागुभैरहेको | २०७५।०४।०१ | नगरकार्यपालिका |
| | टोलबस्तिमा सम्पत्ती करको वारेमा सुचना प्रवाह गर्ने | निरन्तर | राजश्व शाखा र वडा समिति |
| | अनुमानित करदाताको तथ्याङ्क संकलन गर्ने । | २०७५ चैत्र | राजश्व शाखा र वडा कार्यालय |
| | करदाताहरुलाई करको दायरामा ल्याउन कर स्वयं घोषणाविधि कार्यान्वयन गरिने । | २०७६ असार महिनासम्म | गाउँसभा र कार्यपालिका |
| | धेरै कर तिर्ने करदातालाई वार्षिक रुपमा पुस्कृत गर्ने | वर्षिक रुपमा निरन्तर | कार्यपालिका |
| | निर्धारित समय भन्दा ढिलो कर तिर्नेलाई जरिवानाको व्यवस्था गर्ने | २०७६ असार | गाउँसभाले |
| २ | **व्यवसाय कर** | | |
| | व्यवसायजन्य दर्ताका लागि उत्प्रेरणा जगाउने | २०७६ जेष्ठ/असार १५ | कार्यपालिका |
| | दर्ता नगरी व्यवसाय संचालनगर्नेलाई कारवाहीको व्यवस्था गरिने र सो को सूचना जारी गर्ने । | २०७६ असार मसान्त | प्रमुख प्र. अधिकृत |
| | व्यवसायीहरुको लागत संकलन गरी अध्यावधिक गर्ने | २०७६ असार १५ सम्म | राजश्व शाखा |
| | व्यवसायीहरुको छाता संगठनसँग गाउँपालिकाले समन्वय र नियमित अन्तरक्रिया गर्ने । | २०७५ चैत्र देखि निरन्तर | कार्यपालिका |
| ३ | **प्राकृतिक तथा खानी जन्य वस्तुको निकासी कर** | | |

| | | | |
|---|---|---|---|
| | निकासी कर असुली पारदर्शि बनाउदै दर पुनरावलोको गर्ने | २०७६ असार भित्र | गाउँसभा |
| | निकासी कर लगाइने सम्भावित क्षेत्रहरु पहिचान गर्ने | २०७६ जेठ | कार्यपालिका |
| | वालुवा गिटी, ढुङगा र वन क्षेत्र वाहेकका अन्य क्षेत्रका काठजन्य बस्तुहरुमा समेत निकासी कर लगाउने । | २०७५ असार | गाउँ सभा |
| | सामुदायिक वन पैदावारमा समेत निकासी शुल्क लिन नीति र कानुननिर्माण गर्नुपर्ने । | २०७५ असार | गाउँ सभा र कार्यपालिका |
| ४ | **घर वहाल कर** | | |
| | वहालमा राख्ने घरजग्गा धनीहरुको तथ्याङ्क संकलन गर्ने । | २०७६ असोजसम्म | कार्यपालिका र वडा कार्यालय |
| | विशेष कार्यक्रम संचालन गरी वहाल कर तिर्न प्रोत्साहन गर्ने । | २०७६ कार्तिक सम्म | कार्यपालिका |
| | घरपटीहरुसँग छलफल अन्तरक्रिया गर्ने र नियमित अनुगमन गर्ने । | निरन्तर | राजश्व परामर्श समिति र राजश्व शाखा |
| ५ | **जडीवुटी कवाडी र जिबजन्तु कर** | | |
| | जडिबुटी पाइने सम्भावित स्थानहरुमा अध्ययन गर्ने र कर को दर निर्धारण गर्ने | २०७६ भाद्र | सभा, राजश्व शाखा |
| | जडिबुटीको व्यवसायिक रुपमा उत्पादन गर्न प्रोत्साहन गर्ने | निरन्तर | कार्यपालिका |
| | कर असुलीका लागि चेक प्वाइन्ट तोकी ठेक्का वन्दोवस्त गर्ने । | २०७६ असार मसान्तसम्म | गाउँपालिका राजश्व परामर्श |

ख. गैरकर राजस्व सुधार योजना

| क्र.स. | सुधारको लागि गर्नुपर्ने कार्यहरु | सपयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १. | **ढुङगा, गिटी, वालुवा, काठ, दाउरा, वांस, प्राकृतीक तथा खानीजन्य बस्तु** | | |
| | दर पुनरावलोकन गर्ने र ठेक्का वन्दोवस्त गर्ने । | असार मसान्तसम्म | गाउा सभा |
| २. | **नक्सापास दस्तुर** | | |
| | न्यूनतम दस्तुर कायम गरी सबै घरधनीलाई नक्सापासको दायरामाल्याउने । | २०७६ श्रावण देखि | गाउँ सभा, प्राविधिक शाखा |
| | भवन निर्माण र नक्सा पासको प्रगति अनुगमन गर्ने | | वडा कार्यालय, प्राविधिक शाखा |
| ३ | **व्यत्तिगत घटना दर्ता शुल्क** | | |
| | घटना दर्ताको लागि समयानुसारको शुल्क निर्धारण गर्ने | २०७६ असार मसान्त | गाउँ सभा, पंजिकरण शाखा |

| क्र.स. | सुधारको लागि गर्नुपर्ने कार्यहरु | सपयावधि | जिम्मेवारी |
|---|---|---|---|
| **४** | **वहाल विटौरी शुल्क** | | |
| | विटौरी सम्वन्धी तथ्यांक संकलन गर्ने | २०७६ असोज सम्म | राजश्व शाखा तथा वडा कार्यालय |
| | अटेर गर्नेलाई नियमानुसार कार्वाही प्रकृया अगाडी बढाउने । | २०७६ श्रावण देखि निरन्तर | कार्यपालिका |
| | ऐलानी तथा सार्वजनिक जग्गामा वसोवास भएका हरुलाई प्रति कट्ठाको आधारमा शुल्क तोक्ने । | २०७६ असार सम्म | गाउँ सभा |
| **५** | **फोहरमैला व्यवस्थापन शुल्क** | | |
| | ल्याडफिल्ड साइड स्थापना गरी फोहरमैला व्यवस्थापन तथा फोहरमैला वर्गिकरण गर्न लगाउने । | २०७६ श्रावण देखि निरन्तर | कार्यपालिका |
| **६** | **सडक वत्ति, पर्यटकिय स्थल हाटवजार** | | |
| | सम्वन्धित वडाकार्यालयबाट सडक वत्ति, हाटवजार र पर्यटकीय स्थल व्यवस्थापन गरि अधिकतम कर उठाउने । | २०७६ असार समान्त | गाउँ सभा, राजश्व शाखा |
| **७** | **दर्ता, नविकरण तथा अनुमति दस्तुर, विद्यालय स्थापना घ वर्गको इजाजत, एफ.एम. रेडियो, स्थानीयस्तरमा व्यापारीक फर्म** | | |
| | तथ्यांक संकलनगरी दर्ता प्रकृयामा ल्याउने | असार मसान्तसम्म | गा. पा. तथा वडा कार्यालय |

**ग. राजस्व प्रशासन सुधार योजना**

| **क्र.स.** | **सुधारका लागि गर्नुपर्ने कार्यहरु** | **समयावधि** | **जिम्मेवारी** |
|---|---|---|---|
| १ | करदाताहरुका लागि तालिम गोष्ठि तथा अन्तरकृया आयोजना गर्ने । | निरन्तर | राजस्व शाखा, वडा समिति |
| २ | अवलोकन भ्रमण आयोजना गर्ने । | २०७६ श्रावण देखि वर्षमा २ पटक | कार्यपालिका, राजश्व शाखा |
| ३ | कर्मचारी संख्या थप गर्ने (१ नासु) | २०७६ असार भित्र | प्रमुख,<br>प्र.प्र. अधिकृत |
| ४ | सबै वडा कार्यालयहरुमा कम्प्युटर, इटरनेटको पहुँच स्थापना गर्ने | आ.व. ०७५।०७६भित्र | प्र.प्र. अधिकृत<br>वडा अध्यक्ष |
| ५ | सम्पत्ति कर मुल्याङ्कन समिति गठन नियमित अनुगमन गर्ने | आ.व. ०७५।०७६ भित्र | कार्यपालिका<br>प्र.प्र. अधिकृत |
| ६ | सार्वजनिक सुनुवाई तथा गुनासो व्यवस्थापन गर्ने | निरन्तर वर्षमा २ पटक | प्रमुख, वडा अध्यक्ष |
| ७ | नियमित रुपमा करदातालाई सूचना पुर्‍याउने | निरन्तर | राजस्व शाखा |

# परिच्छेद : ८
# निश्कर्ष तथा सुझाव

कालीगण्डकीगाउँपालिको आन्तरिक राजश्व अध्ययन गर्दा गाउँपालिकाले आफै संकलन गर्ने राजश्वको मात्र विश्लेषण र अनुमान गरिएको छ । संघ र प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँटको रकमलाई यहाँ उल्लेख गरिएको छैन । गाउँपालिकाले संकलन गरेर प्रदेश सरकारलाई बुझाउनु पर्ने राजश्व बाँडफाँटको शिर्षकका रकमलाई भने यहाँ उल्लेख गरिएको छ ।

प्रस्तुत विवरणले गाउँपालिकाको आन्तरिक आय २०७६/७७ मा ४९ लाख ८ हजार हुने अनुमान गरिएको छ । यो रकम संकलन गर्न पनि गाउँपालिकाले बर्तमान संरचना तथा व्यवस्थापन प्रणालीमा ठुलै परिवर्तन गर्न आवश्यक देखिन्छ । गाउँपालिकाले यसतर्फ निम्न कदम चाल्नु पर्ने देखिन्छ ।

- राजश्व परामर्श समितिको परिचालन
- आय संकलनकोलागि आवश्यक ऐन तथा कार्यविधिको तयारी
- राजश्व वजेटमा शिर्षकगत आय अनुमान तथा अनुगमन
- आर्थिक ऐनमा कर तथा शुल्कका दर निर्धारण र जरिवाना निर्धारण
- राजश्व शाखाको गठन, स्थान, उपकरणहरु तथा कर्मचारीको प्रभावकारी ब्यवस्था
- वडा कार्यालयसंग राजश्व संकलनमा समन्वय तथा प्रतिवेदनको ब्यवस्था
- राजश्व सुधारकोलागि समय समयमा बैठक तथा तालिम आयोजना

यो गाउँपालिकाभर्खरै मात्र गठन भएकाले यसको संभाब्य आयका स्रोतहरुमा परिचालन गर्न सम्भव देखिदैन साथै जनताहरुमा कर तिर्ने बानी नभएकोले करको दर बृद्धि गर्नुभन्दा करको दायरमा ल्याउन प्रयास गर्नु पर्ने देखिन्छ । त्यसैले सीमित साधन र श्रोतका कारण प्रभावकारी राजश्व प्रशासन हुन नसक्ने भएकोले तत्काल राजश्व बृद्धिमा योगदान पुऱ्याउन मद्दत गर्ने केहि महत्वपुर्ण र प्रभावकारी श्रोतहरुको संकलन तर्फ विषेश ध्यान दिनु उपयुक्त देखिन्छ । साथै राजश्व सुधार कार्य योजनामा उल्लेख भएका क्रियाकलापहरुलाई पनि प्राथमिकिकरण गरी कार्यान्वयन गर्नु उचित हुन्छ ।

## अनुसूची १: सन्दर्भ सामग्रीहरु

- नेपालको संविधान २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- नेपाल सरकारको वजेट वक्तब्य, २०७५।७६
- नेपाल सरकारको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न वनेको विधयक, २०७५
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४
- स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी ब्यवस्था, २०७४
- कर तथा गैरकर राजश्व सम्वन्धी नमूना कानून, २०७४
- स्थानीय तहको आर्थिक ऐनको नमूना, २०७४
- कालीगण्डकीगाउँपालिकाको आर्थिक ऐन २०७५।७६
- कालीगण्डकीगाउँपालिकाको वस्तुगत विवरण (प्रोफाईल), २०७४
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रगति प्रतिवेदनहरु
- स्थानीय तहका विभिन्न आर्थिक वर्षहरुको नगर विकास योजना, बजेट तथा कार्यक्रमहरु

# अनुसूची २ः कालीगण्डकीगाउँपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५

**प्रस्तवानाः**

नेपालको संविधान २०७२ को अनुसूची ८ बमोजिमको एकल अधिकार सूची तथा अनुसूची ९ बमोजिमको साझा अधिकार सूची, स्थानीय सरकार संचालन ऐन, २०७४ को  दफा ११ घ (१, २, र ६) ले दिएको अधिकार प्रयोग गरी यस गाउँपालिकाको आन्तरिक आय संकलन कार्य व्यवस्थित रुपमा संचालन गर्नका लागि सोही ऐनको दफा १०२ मा भएको व्यवस्था बमोजिम यो आन्तरिक आय संकलन कार्यविधि तर्जुमा गरी नगर कार्यपालिका वैठकबाट स्वीकृत गरी लागू गरिएको छ ।

**१ संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम "आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि २०७५" रहेको छ ।

(ख) यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा :

(क) "आन्तरिक आय" भन्नाले प्रचलित ऐन, नियमावली र कार्यविधि बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको व्यवसायमा पूँजीगत लगानी, आर्थिक कारोवार क्षेत्रगत एवं व्यापारिक महत्व र स्रोत साधन आदिका आधारमा गाउँपालिकाको सभाबाट स्वीकृत दर बमोजिम  ठेक्का, अमानत वा अन्य कुनै तरिकाले असुल गर्ने कर, दस्तूर ,सेवा शुल्क, विक्री ,आदि आयलाई  सम्झनुपर्छ ।

(ख) "ठेकेदार भन्नाले" गाउँपालिकाको निश्चित आ.व.को आय संकलन गर्न सम्झौता गरेको फर्म वा व्यक्तिलाई सम्झनुपर्छ ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रशासकीय प्रमुखको रुपमा नियुक्त कर्मचारीलाई सम्झनु पर्छ ।

(घ) "कर अधिकृत" भन्नाले यो निर्देशिका बमोजिम कर अधिकृतको काम गर्ने प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको गाउँपालिकामा कार्यरत कर्मचारीलाई सम्झनु पर्छ ।

(ङ) "वडा" भन्नाले गाउँपालिकाको वडा सम्झनुपर्दछ ।

(च) "कार्यालय" भन्नाले कालीगण्डकी नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्छ । सो शब्दले वडा कार्यालय समेतलाई बुझाउँदछ ।

(छ) "शाखा" भन्नाले राजश्व शाखा सम्झनुपर्छ ।

(ज) "व्यवसायी" भन्नाले व्यापार तथा व्यवसाय संचालन गर्ने गरी गाउँपालिकामा व्यवसाय दर्ता गरेको व्यक्ति/फर्म/संघ संस्थालाई सम्झनु पर्दछ ।

(झ) "स्थानीय तह " भन्नाले सूर्यविनायक गाउँपालिकालाई सम्झनु पर्नेछ ।

(ञ) "बोलपत्र " भन्नाले प्रकाशित सूचना बमोजिमको बोलपत्र एवं दरभाउपत्रलाई समेत सम्झनु पर्नेछ ।

**३. स्थानीय तहले आन्तरिक आय संकलनको लागि ठेक्का बन्दोवस्त गर्न सक्ने :**

(१) स्थानीय सरकार संचालन ऐन, २०७४ को अधीनमा रही गाउँपालिकाको नगर सभाले निर्णय गरे अनुसारको करको दर, सेवा शुल्क, दस्तूर तथा अन्य आन्तरिक आय असूल गर्न गाउँपालिकाले एक आर्थिक वर्षको लागि ठेक्का बन्दोवस्त गर्न सक्नेछ ।

तर गाउँपालिकाको आन्तरिक आय बृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा ३ वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिने छ ।

स्पष्टीकरणः यस कार्यविधि प्रयोजनको लागि "आन्तरिक आय" भन्नाले नेपाल सरकारबाट प्राप्त हुने अनुदान, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम तथा अन्य बिशेष प्रकृतिको अनुदान बाहेक स्थानीय तहले आफ्नो क्षेत्रभित्र संकलन गर्न पाउने आय सम्झनु पर्छ ।

(२) दुई वा दुई भन्दा बढी स्थानीय तहको समूहले आपसी सहमतिद्वारा संयुक्त रुपमा उपनियम(१) बमोजिम ठेक्का बन्दोबस्त गर्न सक्नेछन् ।

(३) गाउँपालिकाले सामान्यतया आर्थिक वर्ष शुरु हुनु अगाडि नै ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ । यसरी ठेक्का वन्दोवस्त गर्दा यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि फर्म तथा व्यक्तिको सूचीकृत गराई रहन आवश्यक पर्ने छैन ।

(४) उपनियम (१) बमोजिम ठेक्का बन्दोवस्त गर्दा देहायको कार्यविधि अपनाउनु पर्नेछ :-

(क) आगामी आर्थिक वर्षको लागि प्रत्येक आन्तरिक आय श्रोतको उपलब्धता, श्रोत परिचालनको व्यवस्थापन, लागत र चालु वर्षको ठेक्का अङ्क समेतलाई विचार गरी आन्तरिक आयको प्रक्षेपण गरी न्यूनतम ठेक अङ्क र असुली कार्यतालिका समेत भएको कार्यान्वयन कार्य योजना तयार गर्नु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम असूली कार्यतालिका र कार्यान्वयन कार्ययोजना तयार भईसकेपछि ठेक्का बन्दोबस्त गर्नको लागि नगर सभाले निर्धारण गरेको दररेट, ठेक्काका सामान्य तथा विशेष शर्तहरु र सूचनामा उल्लेख गरिने कुराहरु तथा अन्य आवश्यक विवरणहरु समेत समावेश भएको ठेक्का सम्बन्धी कागजात तयार गर्नु पर्नेछ ।

(ग) खण्ड (क) बमोजिमको कार्यान्वयन कार्य योजनाको आधारमा कुनै आन्तरिक आय पाँच लाख रुपैयाँ भन्दा कम उठ्ने भएमा सोझै वार्ताद्वारा पनि सम्झौता गर्न सकिने छ र पाँच लाख रुपैयाँ भन्दा बढी उठ्ने भएमा बोलपत्र/दरभाउपत्र आह्वान गरी सम्झौता गर्नु पर्नेछ ।

(घ) खण्ड (ग) बमोजिम बोलपत्र आह्वान गर्दा दशलाख रुपैयाँसम्म भए स्थानीय स्तरमा नियमित प्रकाशन हुने पत्रिकामा कम्तिमा पन्ध्र दिनको म्याद दिई सूचना प्रकाशन गर्नु पर्नेछ । दशलाख रुपैयाँ भन्दा बढी भएमा कम्तीमा तीस दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(ङ) खण्ड (घ) बमोजिमको सूचनामा देहायका कुराहरु खुलाउनु पर्नेछ :-

(१) साबिकमा ठेक्का लागि आएको भए कति रकम र के शर्तमा ठेक्का लागेको हो सो कुरा,

(२) ठेक्काका मुख्य मुख्य शर्तहरु,

(३) श्रोतगत र स्थानगत विवरण र उठाउनु पर्ने आन्तरिक आयको सम्भावित परिमाण,

(४) ठेक्का सम्झौता बमोजिमको रकम एकमुष्ट बुझाँउदा छुट दिईने भए सो कुरा,

(५) बोलपत्र फारम प्राप्त हुने स्थान र आवश्यकता अनुसार इन्टरनेटबाट डाउनलोड गरी फाराम प्राप्त गर्न सकिने व्यवस्था समेत मिलाउनु पर्नेछ । यसरी इन्टरनेटबाट डाउनलोड गरिएको बोलपत्र दाखिला गर्दा उक्त सूचना बमोजिम लाग्ने रकम बुझाउनु पर्नेछ ।

(६) बोलपत्र पठाउनु पर्ने तरिका,

(७) बोलपत्र पठाउनु पर्ने कार्यालयको नाम (कार्यालयको नाम खुलाउँदा सम्बन्धित स्थानीय निकायको निर्णयले एकभन्दा बढी स्थानीय निकाय र जिल्ला प्रशासन कार्यालय, विषयगत कार्यालयहरु र कोष तथा लेखा नियन्त्रक कार्यालय) समेतलाई समावेश गर्न सकिनेछ),

(८) बोलपत्र बापत लाग्ने मूल्य,

(९) बोलपत्र दाखिला हुनुपर्ने अन्तिम मिति, समय र स्थान तथा बोलपत्र खोलिने समय, मिति र स्थान,

(१०) बोलपत्र उपर निर्णय हुने मिति,

(११) जमानत बापत राख्नु पर्ने रकम वा वैंङ्कग्यारेन्टीको किसिम र मान्य अवधि,

(१२) अन्य आवश्यक कुराहरु ।

(च) बोलपत्र दस्तूर

| | |
|---|---|
| (क) बीस लाख रुपैयाँ देखी दुई करोड रुपैयाँसम्मको लागि | रु. ३०००।- |
| (ख) दुई करोड रुपैयाँ भन्दा माथि दश करोड रुपैयाँ सम्मको लागि | रु. ५०००।- |
| (ग) दश करोड रुपैयाँ भन्दा माथि पचास करोड रुपैयाँसम्म | रु. १००००।- |
| (घ) पचास करोड रुपैयाँ भन्दा माथि | रु. २००००।- |

(छ) खण्ड (ङ) बमोजिम प्रकाशित सूचनाको म्यादभित्र पर्न आएका बोलपत्रहरुको दर्ता, खोल्ने कार्यविधि बोलपत्रदाताको एजेन्टले पेश गर्नुपर्ने विवरण लगायतका विवरणहरु यसै कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ ।

(ज) खण्ड (घ) बमोजिम प्रथम पटक बोलपत्र आव्हान गर्दा कुनै पनि आय शिर्षकमा एउटा मात्र बोलपत्र दाखिला भएमा पनि स्वीकृत गर्न सकिने छ । बोलपत्र पर्न नआएमा वा रीत पूर्वकको एउटा पनि बोलपत्र प्राप्त नभएमा वा कबोल अङ्क अनुमानित ठेक्का अङ्क भन्दा कम भएमा पहिलाको म्याद भन्दा कम्तीमा आधा म्याद दिई पुनः सूचना प्रकाशन गरी बोलपत्र आह्वान गर्नु पर्नेछ ।

(झ) खण्ड (ज) बमोजिम दोस्रो पटक सूचना प्रकाशन गर्दा पनि बोलपत्र नपरेमा कम्तीमा सात दिनको म्याद दिई खण्ड (ङ) बमोजिमको सूचनामा देहायको कुराहरु थप गरी सार्वजनिक बढाबढको सूचना प्रकाशन गर्नु पर्नेछ :-

(१) बढाबढ हुने स्थानीय तहको कार्यालय वा अन्य कुनै स्थान,

(२) बढाबढ हुने समय र मिति,

(३) अन्य आवश्यक कुराहरु ।

(५) उपनियम (४) को खण्ड (ङ) र खण्ड (झ) अनुसार प्रकाशित सूचना बमोजिम बोलपत्र दिने वा बढाबढ डाँक बोल्ने व्यक्तिले नेपाली नागरिक भए आफूले कबूल गरेको अङ्कको पाँच प्रतिशत र गैर नेपाली नागरिक भए, आफूले कबूल गरेको अङ्कको दश प्रतिशत रकम त्यस्तो सूचना प्रकाशन गर्ने स्थानीय तहको नाममा उक्त सूचनामा तोकिएको बैंङ्कमा जमानत वापत रकम जम्मा गरेको सक्कल भौचर संलग्न राखी वा नेपाल राष्ट्र बैंङ्कबाट मान्यता प्राप्त बैङ्कले जारी गरेको बोलपत्र दाखिला गर्ने अन्तिम ७५ दिन म्याद भएको बैंक जमानत (विडवण्ड) को सक्कल प्रति संलग्न राख्नु पर्नेछ ।

तर वढावढ गर्दा पनि गाउँपालिकाले तोके बमोजिमको न्यूनतम अङ्क पनि कवोल अङ्क हुन नआएमा स्थानीय स्तरको सम्बन्धित राजश्व परामर्श समितिको सिफारिसमा आवश्यक प्रकृया अपनाई आन्तरिक आय संकलनको व्यवस्था गर्न सकिनेछ ।

(६) यस नियमावली बमोजिम जफत हुने अवस्थामा बाहेक उपनियम (५) बमोजिम राखिएको जमानत वापतको रकम सो जमानत राख्ने व्यक्ति वा संस्थाले दिएको बोलपत्र वा बोलेको डाँक अस्वीकृत भएको मितिले तीस दिनभित्र निजलाई फिर्ता गर्नु पर्नेछ ।

तर कुनै ठेक्काको सम्झौता नभए सम्म सो ठेक्का कबुल गर्ने मध्ये सो ठेक्का क्रम अनुसार दिन सिफारिस गरिएका जमानतवालाहरुको जमानत स्थानीय तहले फिर्ता नगरी स्थगित राख्न बाधा पर्ने छैन ।

(७) उपनियम (४) अन्तर्गत प्रकाशित सूचनामा बढाबढको लागि तोकिदिएको समय वा मितिभन्दा पछि वा त्यस्तो सूचनामा बढाबढको लागि तोकिदिएको स्थानमा बाहेक अन्य कुनै स्थानमा वा हुलाक, फोन वा आकाशवाणीद्वारा बोलेको कुनै पनि डाँक उपर कुनै कारबाही गरिने छैन ।

(८) नियमानुसार कार्यालयमा पेश हुन आएका बोलपत्र/दरभाउ पत्र मुल्यांकन कार्यका लागि देहाय अनुसारको मुल्यांकन समिति रहने छ ।

| | |
|---|---|
| ● राजश्व परामर्श समितिको संयोजक | संयोजक |
| ● आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ● प्राविधिक शाखा प्रमुख | सदस्य |
| ● प्रशासन शाखा प्रमुख | सदस्य |
| ● राजस्व शाखा प्रमुख | सदस्य सचिव |

४. **ठेक्का स्वीकृत गर्ने :** (१) नियम ३ को उपनियम ४ (घ) बमोजिम प्रकाशित सूचना बमोजिम दाखिला भएको कुनै वा सबै बोलपत्र वा बोलेको कुनै वा सबै डाँक स्वीकृत गर्दा कार्यालयलाई कुनै हानोक्सानी हुने देखिएमा नगरकार्यपालिकाले सो कारण देखाई वा नदेखाई कुनै एक वा सवै बोलपत्र स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ ।

(२) रितपूर्वकको बोलपत्र प्राप्त भए पछि सूचना बमोजिमका सवै प्रकृया पुगेको सबैभन्दा बढी कबोल गर्नेको बोलपत्र मुल्यांकन समितिको सिफारिस बमोजिम देहायका बमोजिम स्वीकृत गर्नु पर्नेछ ।

(क). रु. १० लाखसम्मको वोलपत्र प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत गर्ने ।

(ख). रु. ५० लाख सम्मको बोलपत्र नगर प्रमुखले स्वीकृत गर्ने ।

(ग). रु. ५० लाख भन्दा वढीको बोलपत्र नगर कार्यपालिकाबाट स्वीकृत गर्नुपर्ने ।

(३) नियम ३ को खण्ड (झ) बमोजिम सार्वजनिक बढावढ गर्दा न्यूनतम अङ्कबाट बढाबढ शुरु गरी सबैभन्दा बढी डाँक कबोल गर्नेवालाको डाँक तत्कालै नियम ३ को उपनियम (५) बमोजिमको धरौटी वा वैंङ्क ग्यारेन्टी लिई स्वीकृत गर्नु पर्नेछ ।

(४) यस कार्यविधि बमोजिमको बोलपत्र वा सार्वजनिक बढाबढको डाँक स्वीकृत गर्ने अन्तिम अधिकार नगर कार्यपालिकाको हुनेछ ।

५. **सम्झौता गर्ने र कार्यादेश दिने**: (१) यस कार्यविधि बमोजिम आन्तरिक आय उठाउने बोलपत्र वा डाँक स्वीकृत भैसकेपछि ठेक्का बन्दोबस्त गर्ने गाउँपालिकाको अधिकारीले सात दिनभित्र सो कुराको सूचना बोलपत्र वा डाँकवालालाई दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम सूचना जारी गर्दा बाटाका म्याद बाहेक सातदिनको म्याद दिई सो म्यादभित्र आफ्नो कबूल बमोजिम सम्झौता गर्न नआएमा त्यस पछिको बोलपत्र वा डाँकवालालाई ठेक्का दिइने कुरा स्पष्ट खोली सूचना तामेल गर्नु गराउनु पर्नेछ । यस्तो सूचना जारी गर्दा सूचना पाउनुपर्ने व्यक्ति नभेटिएमा वा सूचना बुझी नलिएमा स्थानीय वडा सदस्य एक जना समेत स्थानीय व्यक्तिहरु चार जनालाई साक्षी राखी सूचना पाउनु पर्ने व्यक्तिको घर दैलोमा टाँस गरेमा पनि सो सूचना प्राप्त भएको मानिनेछ ।

तर यस्तो सूचना कुनै स्थानीय पत्रपत्रिकामा प्रकाशन गरेमा पनि सम्बन्धित व्यक्तिले सूचना प्राप्त गरेको मानिनेछ ।

(३) उपनियम (१) र (२) बमोजिम जारी भएको सूचनाको म्यादमा सो व्यक्ति हाजिर भई सम्झौता गर्न मञ्जूर गरे ठेक्का बन्दोबस्त गर्ने स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले निजबाट तुरुन्त सम्झौता गराई निजलाई चलन पुर्जी दिनु पर्नेछ । त्यस्तो व्यक्ति हाजिर नभएमा वा आफ्नो कबुल बमोजिम कबुलियत गर्न मञ्जूर नगरेमा निज पछिको दोस्रो, तेस्रो क्रम अनुसार अरु बोलपत्र वा डाँकवालालाई प्राथमिकता दिई उपनियम (२) बमोजिमको सूचना जारी गरी ठेक्का बन्दोबस्त गर्नु पर्नेछ । यसरी ठेक्का वन्दोवस्त गर्दा त्यस्तो रकम गाउँपालिकाले अनुमान गरेको अङ्क भन्दा कम हुने रहेछ भने राजस्व परामर्श समितिको वैठकबाट सिफारिस गराई पुनः सूचना प्रकाशन गर्नुपर्ने छ ।

(४) गाउँपालिकाले संयुक्त रुपमा आव्हान गरेको बोलपत्र वा बढाबढको डाँक स्वीकृत गर्ने र ठेक्का बन्दोबस्त गर्ने अख्तियारवालाले बोलपत्र खोलिएको वा डाँक बोलाइएको तीन दिनभित्र बोलपत्र वा डाँक स्वीकृत गर्ने वा नगर्ने निकासाका लागि मूल्याङ्कन समिति समक्ष पेश गरी निकासा भए बमोजिम गर्नु पर्नेछ । गाउँपालिकाको मूल्याङ्कन समितिले पनि यसरी पेश भएको सात दिनभित्र बोलपत्र वा डाँक स्वीकृत भए वा नभएको सूचना दिनुपर्नेछ । सो म्यादभित्र पेश नगरेको वा निकासा नदिएको कारणले गाउँपालिकालाई कुनै हानी नोक्सानी भएमा जसको ढिलाई वा लापरवाहीले गर्दा म्यादभित्र पेश वा निकासा हुन नसकेको हो सो जिम्मेवार व्यक्तिबाट सो हानी नोक्सानी असूल उपर गरी लिनु पर्नेछ ।

(५) बोलपत्र वा डाँक स्वीकृत भए पछि त्यस्तो वोलपत्रदाता वा डाँकवालाबाट स्वीकृत ठेक्का अङ्को २५ प्रतिशत रकम नगदै बैक दाखिला गर्नुपर्नेछ र बाँकि ७५ प्रतिशत रकम र सोको भ्याट वापतको रकम समेत कुल रकमको नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त बैंङ्को ठेक्का अवधि सहित थप १५ दिन म्याद भएको ( बहुवर्षिय ठेक्काको हकमा कम्तिमा १ वर्ष ) परफरमेन्स वण्ड वा नगदै रकम प्राप्त भएपछि ठेक्का पाउने सबै शर्त खुलाई सम्बन्धित ठेकेदारसँग सम्झौता गरी चलान पुर्जी दिनु पर्नेछ ।

(६) बोलपत्र वा डाँक स्वीकृत भएको सूचना प्राप्त भए पछि सो सूचनामा तोकिएको म्यादभित्र बोलपत्र वा डाँकवालाले चलान पूर्जी नलिएमा वा पट्टा नउठाएमा निजले नियम ३ को उपनियम (५) बमोजिम राखेको जमानत जफत भई स्थानीय तहको संचित कोषमा दाखिला हुनेछ ।

६. **ठेक्का रकमको किस्ता बुझाउने तरिका:** (१) स्थानीय तहले आन्तरिक आय उठाउने कार्यको ठेक्का बन्दोबस्त गर्दा असूल गर्नु पर्ने किस्ताको अङ्क निर्धारण ठेक्का सम्बन्धी सूचना र बोलपत्रमा उल्लिखित असूली कार्यतालिका र अन्य शर्त बमोजिम हुनेछ ।

तर यसरी कार्यतालिका बनाउँदा राजस्व उठ्ने सम्भाव्य समय र भुक्तानी गर्ने किस्ताको समय मिलान भएको र किस्ताहरु बीचको समयान्तर चार महिनाभन्दा बढी नभएको हुनु पर्नेछ ।

(२) ठेकेदारले सम्झौताको समयमा ठेक्का अनुसारको सम्पूर्ण ठेक्का रकम एकमुष्ट बुझाएमा औचित्य हेरी कम्तिमा पाँच देखि बढीमा दश प्रतिशतसम्म कार्यपालिकाबाट निर्णय गराई छूट दिन सकिनेछ ।

तर यस्तो छूटको प्रतिशत बोलपत्र वा बढाबढको सूचनामा उल्लेख भएको हुनु पर्नेछ ।

७. **ठेक्का तोड्ने :** (१) सम्झौता बमोजिमको कुनै शर्तको बर्खिलाप काम गरेकोमा वा त्यस्तो शर्त बमोजिम गर्नु पर्ने कुनै काम नगरेमा बाहेक यस कार्यविधि बमोजिम पट्टा कबुलियत भैसकेपछि ठेक्काको अवधि भुक्तान नहुँदै बीचैमा कुनै ठेक्का तोड्न वा छोड्न हुँदैन ।

(२) कुनै ठेकेदारले गाउँपालिकाले तोकेको दरभन्दा बढी दरमा कर असूल गरेमा वा सम्झौतामा उल्लेख नभएका मालवस्तुमा कर, सेवा शुल्क वा दस्तुर असूल गरेमा वा एक स्थानीय तहले लिएको करको प्रमाण हुँदा हुँदै दोहोरो हुने गरी कर असूल गरेमा त्यस्तो रकम त्यस्तो ठेकेदारबाट असूल गरी सम्बन्धित व्यक्तिलाई सम्बन्धित स्थानीय तहले फिर्ता गर्नु पर्नेछ ।

(३) उपनियम (२) मा उल्लिखित क्रियाकलाप पुनः दोहोरिएमा त्यस्तो ठेकेदारको ठेक्का तोडी धरौटी जफत गरिनेछ यसरी धरौटी जफत गर्दा पनि नयाँ ठेक्का वन्दोवस्त गर्दा साविकको रकम भन्दा कम रकम प्राप्त भएमा र नयाँ ठेक्का वन्दोवस्त गर्दा लागेको रकम असूल उपर नभएमा सरकारी वाँकी सरह असूल उपर गरी निजको नाम कालो सूचीमा राखी अन्य स्थानीय तहहरु र नेपाल सरकारको ठेकेदारको लाइसेन्स दिने कार्यालयलाई समेत जानकारी दिइनेछ ।

(४) उपनियम (३) बमोजिम ठेक्का तोडिएकोमा सोही आर्थिक वर्षको बाँकी अवधिको निमित्त ठेक्का सकार गर्ने कुनै व्यक्ति वा फर्म प्राप्त भएमा साविकको ठेक्काको दर र असूली कार्यतालिका बमोजिम गनि अशुल असूल गरी ठेक्का दिन सकिनेछ ।

(५) उपनियम (३) बमोजिम ठेक्का तोडिएकोमा त्यसबाट गाउँपालिकालाई भएको नोक्सानी र स्थानीय तहले ठेकेदारबाट लिनु पर्ने बाँकी भएमा त्यसको छुट प्रतिशत समेत सो ठेकेदारले राखेको जमानतबाट असूल नभए निजबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

तर आफ्नो काबु बाहिरको परिस्थिति परी ठेकेदारले सो ठेक्काको काम गर्न नसकेको रहेछ भने गाउँपालिकाको नगर सभाले सो बमोजिम असूल गर्नु पर्ने रकममध्ये सम्बन्धित राजश्व परामर्श समितिको परामर्श लिई उपयुक्त रकम मिनाहा दिन सक्नेछ ।

८. **बक्यौता रकम असूली सम्बन्धी व्यवस्था :-** (१) गाउँपालिकाले विभिन्न कारणवाट असूल हुन नसकी वाँकी रहेको बक्यौता रकम असूल गर्न बक्यौता असूली कार्ययोजना वनाई रकम असूल उपर गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम असूल गर्नुपर्ने रकम असूलीको लागि नगर प्रहरी परिचालन गर्नुका साथै स्थानीय प्रशासन, प्रहरी, नागरिक समाज वा अन्य व्यक्तिको समेत सहयोग लिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम सहयोग प्राप्त भै बक्यौता रकम असूली भएमा सम्बन्धित व्यक्ति वा संस्था लाई स्थानीय निकायले असूली अङ्कको बढीमा ५ प्रतिशतसम्म रकम पुरस्कार स्वरुप उपलव्ध गराउन सक्नेछ । एक भन्दा वढी व्यक्ति वा संस्थाको सक्रियतामा बक्यौता रकम असूली भएको भए यस्तो पुरस्कार रकम दामासाहीबाट उपलव्ध गराउनु पर्नेछ ।

(४) उपनियम (१), (२) र (३) बमोजिमको प्रकृयाबाट पनि रकम असूल उपर हुन नसकेमा सरकारी वाँकी सरह रकम असूल उपर गर्नु पर्नेछ ।

**९. यस कार्यविधिमा उल्लेख भएका बाहेकका विषयहरुमा सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम हुनेछ ।**

## अनुसूची ४ : प्रारम्भिक अभिमुखिकरणको कार्यकम तालिका तथा उपस्थिति विवरण

**कालीगण्डकीगाउँपालिका, गुल्मी**

# राजस्व सुधार कार्य योजना तयारी

**प्रारम्भिक अभिमुखिकरण गोष्ठी कार्यकम**

**३१, बैशाख, २०७६**

### कार्यक्रम तालिका

| समयावधी | क्रियाकलाप |
|---|---|
| ७:३० देखि ८:०० | सहभागी आगमन र नाम दर्ता |
| ८:०० देखि ८:३० | कार्यकम शुभारम्भ (अध्यक्षता, परिचय, स्वागत मन्तव्य) |
| ८:३० देखि ९:३० | कार्यकमको उद्देश्य, अवधारणा तथा प्रकृया - प्रस्तुती |
| ९:३० देखि १०:३० | कर, शुल्क तथा दस्तुर सम्बन्धी अवधारणा र सिद्धान्त |
| १०:३० देखि ११:०० | स्थानीय तहको राजश्व अधिकार र परिचालन सम्बन्धी व्यवस्था |
| ११:०० देखि११:३० | राजश्व सुधार कार्य योजना र राजश्व प्रक्षेपण का केही महत्वपूर्ण पक्षहरु |
| ११:३० देखि १२:०० | समापन |

## प्रारम्भिक छलफल कार्यक्रममा उपस्थिति विवरण

| क.स. | नाम थर | पद | ठेगाना |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| १० | | | |
| ११ | | | |
| १२ | | | |
| १३ | | | |
| १४ | | | |
| १५ | | | |
| १६ | | | |
| १७ | | | |
| १८ | | | |
| १९ | | | |
| २० | | | |

## मस्यौदा प्रतिवेदन प्रस्तुतीकरण कार्यक्रममा उपस्थिति विवरण

| क्र.स. | नाम थर | पद | ठेगाना |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| १० | | | |
| ११ | | | |
| १२ | | | |
| १३ | | | |
| १४ | | | |
| १५ | | | |
| १६ | | | |
| १७ | | | |
| १८ | | | |
| १९ | | | |
| २० | | | |

# प्रारम्भिक छलफल कार्यक्रममा तस्विरहरु